

# “अभियान” ले किशोरीहरूमा ल्याएको परिवर्तन

## एक अध्ययन

"अभियान" ले किशोरीहरुमा ल्याएको परिवर्तन : एक अध्ययन
© ओरेक, २०८०

**प्रकाशन**

WOREC

ओरेक
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org

लेखक: रामचन्द्र श्रेष्ठ

**साजसज्जा**
पेन्टाग्राम प्रा. लि.
+९७७ १ ५४४८१८०
business.pentagram@gmail.com

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)

## परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३२ वर्षदेखि मानव अधिकार स्थापनार्थ सङ्घर्षरत गैर-नाफामूलक गैरसरकारी संस्था हो। महिला तथा जातीय, वर्गीय, क्षेत्रीय, यौनिक र लैङ्गिक पहिचान आदिका आधारमा पछाडि पारिएका समुदायको अधिकारका लागि कार्यरत यस संस्था विभेदको अन्तर्निहित कारणलाई विश्लेषण गर्दै कारण र परिणाम दुवै सम्बोधनका लागि क्रियाशील छ। समाजमा विद्यमान असमान शक्ति सम्बन्धले महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा हेरिने विभेदकारी दृष्टिकोण विद्यमान छ। जसका कारण महिलाहरु विभिन्न प्रकारका हिंसा भोग्न र सहन बाध्य छन् भने उनीहरूको नेतृत्वलाई सहजै स्वीकारिएको पाइदैन। तसर्थ संस्थाले व्यक्तिगत नै राजनीतिक हो भन्ने महिलावादी अवधारणालाई अवलम्बन गर्दै महिला अधिकार प्राप्तिका निम्ति नीतिगत सम्बोधन र सोँचमा रूपान्तरण अनिवार्य सर्त हो भन्नेमा विश्वास गर्छ। सोही अनुसार संस्थाले महिलाको सामाजिक, आर्थिक र राजनीतिक अधिकारका लागि समुदायमा आधारित महिला तथा किशोरी सञ्जाल तथा संस्थाहरूसँगको सहकार्य र समन्वयमा सामूहिक अभियानहरू सञ्चालन गर्दै आइरहेको छ। साथै महिलाको जीवनका भोगाइहरूको अभिलेखीकरण र विश्लेषणद्वारा सिकाई तथा ज्ञान निर्माण र व्यवस्थापन गर्दै स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म तथ्यमा आधारित पैरवी गर्दछ।

## दूरदृष्टि (Vision)

महिलावादी अभीष्ट प्राप्त भएको समाज।

## ध्येय (Mission)

सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सम्वर्द्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य।

## संस्थाको दूरदृष्टि र ध्येय प्राप्तिका लागि पञ्चवर्षीय योजना (२०२३ देखि २०२७) का उद्देश्यहरू

- कुनै पनि प्रकारको हिंसाविना समान नागरिकका रूपमा महिलालाई सम्मानका साथ बाँच्न सक्ने वातावरण निर्माणमा योगदान पुऱ्याउने ।
- महिलाको आर्थिक तथा स्वास्थ्य अधिकार र शारीरिक अखण्डताका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने ।
- संस्थालाई सामाजिक आन्दोलनका लागि महिलावादी स्रोत केन्द्रको रूपमा विस्तार गर्ने ।
- महिलाको काम गर्ने अधिकार, सामाजिक सुरक्षाको अधिकार र राज्यका सबै तहमा समानुपातिक समावेशी सहभागिताको अधिकार स्थापनाका लागि अभियानहरू सुदृढ गर्ने ।
- द्वन्द्वबाट प्रभावितहरूको न्यायको अधिकार र न्यायपूर्ण परिपूरणका लागि संयन्त्रलाई बलियो बनाउन द्वन्द्व प्रभावित महिलालाई सहयोग गर्ने ।
- महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि १९७९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि १९६६, विश्वव्यापी आवधिक समीक्षा र दिगो विकासको लक्ष्य २०३० को : ५, ८ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न/गराउन पैरवी गर्ने ।

**संस्थाको विषयगत क्षेत्रहरू :**

- मानव अधिकार र सामाजिक न्याय
- पर्यावरणीय न्याय र महिलाको नेतृत्व
- गुणस्तरीय सेवा
- सिकाई तथा ज्ञान व्यवस्थापन

ओरेकले महिलाको शारीरिक अखण्डताको अधिकारको माग गर्दछ । यो हाम्रो मानव अधिकार हो । आफ्नो शरीरमाथि आफ्नै नियन्त्रण हुन सके मात्र महिलामाथि हुने सबै प्रकारका संरचनात्मक विभेदको अन्त्य हुन्छ र हामीले चाहेको समृद्धि प्राप्त हुन सक्छ । त्यसैले हामी सबैको सामूहिक कार्य र महिला तथा किशोरी सङ्गठन विस्तार र सुदृढीकरणद्वारा समाज रूपान्तरणको अभियानलाई मजबुत बनाउनु आजको आवस्यकता हो ।

# विषय-सूची


साधनाको शौचालय संघर्ष........ ६
अध्ययन प्रश्न........ ६
अध्ययन क्षेत्र........ ७
अध्ययन विधि........ ७
अनुसन्धान सीमा........ ८
किशोरी नै किन ?........ ८
मञ्च : अभियानबाटै निर्मित संस्था........ ९
बोल्न सक्ने बोध........ ११
गतिशीलतामा वृद्धि........ १२
नागरिकतामा हस्तक्षेप........ १७
बालविवाहमा न्यूनीकरण:........ २०
जीवनका आयामहरूमा विस्तार........ २४
सार्वजनिक वृत्तमा विस्तार........ २८
निर्णय प्रक्रियामा सहभागिता........ ३२
निष्कर्ष:........ ३३

## साधनाको शौचालय संघर्ष

कार्यक्रमहरूमा सहभागी हुनका लागि शुद्धोधन गाउँपालिकाकी साधना हरिजन भैरहवा र बुटवलका विभिन्न होटलहरूमा जाने अवसर पाउँथिन्। सडक नाटकमा अभिनय गर्न थालेपछि अभिनय कक्षा लिनुपर्ने भयो। अभिनय कक्षा लिनका लागि उनी काठमाडौं पनि पुगेकी छिन्। कार्यक्रम र कक्षाका दौरानमा उनी कैयौं पटक होटलका आरामदायी, 'अट्याच बाथरुम' सहितको कोठामा बस्ने अवसर पाएकी छिन्।

साधनाको जीवनमा होटलले केही खास अर्थ राख्छ। चाहे कार्यक्रमको दौरानमा होस् वा बास बस्ने क्रममा। जब-जब होटलको शौचालय प्रयोग गर्नुपर्ने हुन्थ्यो साधनाको मन पीरो हुन्थ्यो। 'ट्वाइलेट जाँदा मलाई छटपटी हुन्थ्यो। मेरो मनमा सधैं एउटै प्रश्न आउँथ्यो- किन हाम्रो घरमा शौचालय छैन?' होटलबाट घर फर्केपछि खुला स्थानमा शौच गर्नुपर्ने बाध्यताले उनलाई पीडा हुन्थ्यो। तर, त्यही पीडाले उनलाई आँट दियो।

सडक नाटक खेल्ने क्रममा उनले केही पारिश्रमिक पाउँथिन्। कार्यक्रमहरूमा यातायात खर्च पाउँथिन्। यसरी पाएको पैसा उनले बचाएर राख्न थालिन्। जब ४० हजार रूपैयाँ बचत पुग्यो उनले आफ्नो बुवालाई त्यो पैसाले शौचालय बनाउने प्रस्ताव राखिन्। सुरुमा उनका बुवा शौचालय बनाउन सहमत भएनन्। साधनालाई उल्टो गाली गरे, 'गाउँमा कसैको शौचालय छैन तँलाई मात्र फेसन चाहिएछ ? किन चाहियो शौचालय ?' तर, साधनाले हरेश खाइनन्। किनभने उनलाई शौचालय हुनु र नहुनुको फरक थाहा थियो। त्यसैले उनले शौचालय बनाउन बुवालाई मनाउने कोसिस गरिरहिन्। साधनाका भाइहरूले पनि मद्दत गरे। फलस्वरूप साधनाको गाउँमा उनको पारिश्रमिकको बचतले पहिलो शौचालय निर्माण भयो।

साधनाको शौचालय निर्माणको प्रसंगले गाउँका अन्य किशोरीहरूलाई उत्प्रेरणाको काम गर्‍यो। घर-घरमा किशोरीहरूले शौचालयका लागि दबाब दिन थाले। यसै क्रममा पालिकाले पनि शौचालय बनाउन सहयोग गर्न थाल्यो। घर-घरमा शौचालय बने, गाउँ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भयो।

## अध्ययन प्रश्न

साधनाको शौचालय संघर्षले समाज परिवर्तनका सूक्ष्म कारकहरूलाई औंल्याउँछ। समाज परिवर्तनलाई सामान्यतया बृहत्तर सामाजिक संरचनामा आएको परिवर्तनको रूपमा लिइन्छ। व्यापक राजनीतिक परिवर्तन, सामाजिक संस्थाहरूमा आएको परिवर्तन र सामाजिक संरचनामा आउने व्यापक हेरफेरलाई सामाजिक परिवर्तन भनेर बुझिन्छ। सामाजिक परिवर्तनका यी अवधारणाहरूले समाज परिवर्तनका सूक्ष्म कारकहरूलाई अध्ययन गर्न सकेका छैनन्। यो लेख समाज परिवर्तनका सूक्ष्म कारकहरूमा केन्द्रीत छ। यो लेख सामाजिक अभियानमा सहभागिताको कारणले रूपन्देही र कपिलवस्तुका किशोरीहरूमा आएको परिवर्तनको अध्ययनमा आधारित छ।

विशेष गरी 'किशोरी अधिकार मञ्च' मा आबद्ध किशोरीहरूले कसरी सामाजिक सीमितताहरू र छोरीहरुका सिर्जना गरिएका परम्परागत हानीकारक मूल्य मान्यताबाट बाहिर आएर समाजको परिवर्तनमा भूमिका निर्वाह गरेका छन् र यस क्रममा उनीहरू आफैंमा कस्ता परिवर्तनहरू आएका छन् भन्ने बारेमा यो अध्ययन केन्द्रीत छ।

यो अध्ययनका लागि 'अभियान' शब्दले बृहत्तर अवधारणा बोक्छ। 'अभियान' को अर्थ किशोरी अधिकार मञ्च र त्यसलाई पृष्ठपोषण गर्ने ओरेक नेपाल, केयर नेपाल लगायतका गैससहरूद्वारा सञ्चालित कार्यक्रम, विभिन्न गतिविधि, किशोरीहरूको व्यक्तिगत प्रयत्नमा गरिएका सामाजिक प्रयासहरूलाई लिइएको छ। अर्थात्, सामाजिक पृष्ठभूमिमा गरिएको किशोरीहरूको कुनै पनि सामाजिक गतिविधिलाई 'अभियान' भनी बुझिएको छ।

यो अध्ययनका मुख्य दुई वटा पाटा छन्- एक, किशोरीहरूले सामाजिक सीमिततालाई तोड्न गरेका प्रयत्नहरूको अध्ययन गर्नु। र अर्को हो, अभियानमा संलग्नताका क्रममा किशोरीहरूमा आएको परिवर्तन र उनीहरूको परिवर्तनबाट समाजमा परेका प्रभावहरूलाई विश्लेषण गर्नु।

## अध्ययन क्षेत्र

यो अध्ययन रूपन्देही र कपिलवस्तुको किशोरी अधिकार मञ्चमा सहभागी किशोरीहरूमा केन्द्रीत छ। 'किशोरी अधिकार मञ्च' वि.स. २०७६ मा दर्ता भएको गैरसरकारी संस्था हो। किशोरी अधिकार मञ्चको गठन र सक्रियताका लागि ओरेक नेपाल र केयर नेपालले पृष्ठपोषण गरिरहेका छन्।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान विधिअनुसार गरिएको छ। अध्ययनका लागि रूपन्देही र कपिलवस्तुका ४६ जना किशोरीहरूसँग विस्तृत अर्धसंरचित अन्तर्वार्ता गरिएको छ। त्यस्तै अवलोकन, फिल्ड नोट्स, केस स्टडी, समुह केन्द्रीत छलफल लगायतका विधिहरूको प्रयोग गरिएको छ। अन्तर्वार्ताको रेकर्डलाई शब्दमा उतारेर त्यसको विस्तृत विश्लेषण गरिएको छ। अध्ययनका लागि २०७९ जेठको अन्तिम साता र असारको पहिलो साता आठ दिनसम्म फिल्ड सर्वेक्षण गरिएको थियो। त्यसपश्चात् पनि आवश्यकता अनुसार टेलिफोन सम्पर्क, भेटघाट र सामाजिक सञ्जालको माध्यमबाट थप जानकारी लिइएको थियो।


एक अध्ययन २०८०

## अनुसन्धान सीमा

यो अध्ययनको उद्देश्य 'किशोरी अधिकार मञ्च' र यसलाई सहयोग गर्ने गैससहरू ओरेक नेपाल र केयर नेपालको साझेदारी र सहयोगमा सञ्चालित अभियानहरूमा किशोरीहरूको सहभागिताले ल्याएको परिवर्तनमा केन्द्रीत छ ।

## किशोरी नै किन ?

किशोरावस्थाले बाल्यवस्थाबाट वयस्क अवस्थामा प्रवेश गर्दै गरेका १० देखि १९ वर्षसम्मको उमेर समूहलाई जनाउँछ ।[1] जनगणना, २०७८ अनुसार १० देखि १९ वर्ष उमेर समूहले सिंगो जनसंख्याको २४.१२ प्रतिशत ओगटेको छ । त्यस्तै वार्षिक घरधुरी सर्भे, २०१६/१७ का अनुसार १० देखि १९ वर्ष उमेर समूहले २२.५ प्रतिशत ओगटेको छ । त्यस्तै गरी जनगणना, २०७८ का अनुसार अध्ययन गरिएका दुई जिल्लामध्ये रूपन्देहीमा १० देखि १९ वर्ष उमेर समूहले २४.४४ प्रतिशत ओगटेको छ भने कपिलवस्तुमा २५.८८ प्रतिशत ओगटेको छ । यस अर्थमा पनि देशको सिंगो जनसंख्याको एक चौथाई ओगटेको उमेर समूह अध्ययनबाट बाहक हुन सक्दैन ।

किशोरावस्थालाई मान्छेको जीवनको महत्त्वपूर्ण अवधिको रूपमा लिइन्छ । किशोरावस्थामा शारीरिक र संज्ञानात्मक परिवर्तनहरू देखा पर्छन् । जीवनको यो दोस्रो दशकमा नै शारीरिक अंगहरूले परिपक्वता हासिल गर्छन् र मस्तिष्कको विकास पनि भइरहेको हुन्छ । किशोरावस्थाको सुरुवात शारीरिक परिवर्तनसँगै हुने भए पनि अन्त्य भने जैविक प्रक्रियासँग कम र सामाजिक प्रक्रियासँग बढी जोडिन्छ ।[2] किशोरावस्थामा हुने शारीरिक तथा हर्मोनल परिवर्तनले विद्रोही स्वभाव र चुनौती सामना गर्ने व्यवहार पैदा गर्छ । किशोरावस्थामा नै हिजोको बच्चा परिवार र घरबाट साथी समूह र समुदायतर्फ बढी आकर्षित हुन थाल्छ । उसले आफ्नो पहिचान खोज्न थाल्छ । त्यसैले किशोरावस्थालाई सिक्ने, हुर्कने, भविष्यमा कस्तो खालको व्यक्ति बन्ने हो छनोट गर्ने अवधिको रूपमा लिइन्छ ।[3] तर, सामाजिक मूल्य र मान्यताहरूले किशोरावस्थाको हुर्काइलाई निर्धारित गरिदिन्छ र आकार प्रदान गर्दछ ।

किशोरावस्था केवल उमेरजन्य अवस्था वा शारीरिक परिवर्तनको चरण मात्र होइन । सामाजिकीकरणको प्रक्रियामा किशोरावस्था महत्त्वपूर्ण चरण हो । स्वीस मनोवैज्ञानिक जिन पियाजेले किशोरावस्थामा

[1]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

[2]Eveline A. Crone and Ronald E. Dahl. Understanding adolescence as a period of social-affective engagement and goal flexibility. https://brainanddevelopment.nl/wp-content/uploads/2019/08/Crone_Dahl_2012_Understanding_Adolescence_As_A_Period_Of.pdf. Accessed on: 16 Oct. 2022.

[3]Introduction to sociology / Anthony Giddens [and three others].Description: Eleventh edition. | New York : W.W. Norton & Company, [2018] |





हुने संज्ञानात्मक विकास सामाजिक सन्दर्भमा निहित हुने विश्लेषण गरेका छन् । पियाजेका अनुसार किशोरावस्थाभन्दा पहिलेका संज्ञानात्मक विकासको चरित्र सार्वभौम हुन्छ तर किशोरावस्थाको संज्ञानात्मक विकास हुर्काइ प्रक्रियामा निर्भर हुन्छ । त्यो हुर्काइ प्रक्रिया भनेको परिवार, समुदाय, सामाजिक संस्थाहरू, सामाजिक मान्यताहरूबाट गुज्रने प्रक्रिया हो । जब कुनै किशोरी बाल्यवस्थाबाट किशोरावस्थामा प्रवेश गर्न थाल्छिन् उनले लैङ्गिक मान्यताहरूबाट गुज्रनुपर्ने हुन्छ ।[4] किशोर र किशोरीको किशोरावस्थाको हुर्काइ समान हुँदैन । किशोरावस्था प्राकृतिक प्रक्रिया वा शारीरिक परिवर्तन मात्र होइन बरु मान्छेको जीवन प्रक्रियामा गुज्रनै पर्ने सामाजिक-सांस्कृतिक परिघटना हो । यही अवधिमा व्यक्तिको लैगिंक निर्माण घनीभूत हुन थाल्छ ।

## मञ्च : अभियानबाटै निर्मित संस्था

'किशोरी अधिकार मञ्च' वि. स. २०७५ सालमा स्थापना भएको संस्था हो । नेपालको रूपन्देही र कपिलवस्तु जिल्लामा बढी सक्रिय रहेको यो संस्था राज्यका निकायहरूमा दर्ता पनि छ ।

किशोरी अधिकार मञ्चलाई 'किशोरीहरूको मानव अधिकार संरक्षण र प्रबर्द्धनका लागि किशोरीहरूद्वारा संगठित किशोरीहरूको सञ्जाल' भनी परिभाषित गरिएको छ ।[5] रूपन्देही र कपिलवस्तु जिल्लामा करिब दुई हजार किशोरीहरू संगठित यो संस्था एउटा फराकिलो सञ्जालको रूपमा स्थापित भएको छ । संस्थाको वडा, पालिका, जिल्लास्तरीय समितिहरू छन् । प्रदेशस्तरीय संस्था बनाउने उद्देश्यले प्रदेश समिति पनि गठन भएको छ ।

किशोरी अधिकार मञ्च अभियानबाट निर्मित संस्था हो । मञ्चको स्थापनामा लागेका किशोरीहरू पहिले कुनै न कुनै अभियानहरूमा संलग्न थिए । स्थापना कालका किशोरीहरू केयर नेपाल, सिद्धार्थ सामुदायिक केन्द्र, दलित सामाजिक विकास केन्द्र लगायतका संस्थाहरू मार्फत सञ्चालन भएका विभिन्न अभियानहरूमा सक्रिय थिए । यिनै अभियानहरूमा सक्रिय भएका किशोरीहरूको भेलाले 'किशोरी अधिकार मञ्च' गठन गरेको हो । वि.स.२०७५ सालमा गठन भएको यो संस्था वि.स.२०७६ सालमा दर्ता भएको थियो ।

ओरेक विगत ३ वर्षदेखि यी किशोरी सँगसँगै काम गर्दै आइरहेको छ । महिलावादी अनुशिक्षण मार्फत समुदायस्तरमा सञ्जाल बिस्तार र अभियान निर्माणमा ओरेक क्रियाशील छ । असमान शक्ति सम्बन्धले

[4]Nicola Jones, Elizabeth Presler-Marshall and Fiona Samuels. The significance of adolescence in the life course. In Empowering Adolescent Girls in Developing Countries.Ed. Caroline Harper and other. Routledge: New York (2018). Pp. 1-21

[5]किशोरी अधिकार मञ्चको ब्रोसर ।

किशोरीको यौनिकता माथिको नियन्त्रण र त्यसको परिणामबारे किशोरीहरू खुलेर छलफल गर्छन् । अहिले बालविवाह र अन्य यौनजन्य हिंसालाई यौनिकता माथिको नियन्त्रणको एउटा परिणाम हो भन्ने विश्लेषण गर्दै किशोरीहरू आफ्नो शरीर माथिको अधिकार दाबी गर्न थालेका छन् ।

किशोरी अधिकार मञ्चले किशोरीहरूको सञ्जालीकरण मात्र नभएर संरचनात्मक विभेदविरुद्ध जागरुक गराउने, पैरवी गर्ने, व्यक्तित्व विकास गर्ने आदि उद्देश्य राखेको छ । किशोरी अधिकार मञ्चको पञ्चवर्षीय रणनीतिक योजनामा निम्नानुसार सोच र उद्देश्य उल्लेख गरिएको छ :

## सोंच

किशोरीहरूको सशक्तीकरणद्वारा नेतृत्व विकास गर्दै न्यायपूर्ण र विभेदरहित समाज निर्माणका लागि नीतिगत पैरवी तथा अभियान सञ्चालन गर्ने

## लक्ष्य

१) किशोरी अधिकार मञ्चको क्षमता अभिवृद्धिद्वारा नेतृत्व विकास गर्ने ।
२) सामाजिक रूपान्तरणका लागि किशोरीहरूको समुदायमा पहुँच बढाउने ।

तथापि किशोरी अधिकार मञ्च अभियानको लामो पृष्ठभूमिबाट निर्मित भएको हुनाले यो अध्ययनमा प्रयोग भएको ‘अभियान’ शब्द किशोरी अधिकार मञ्चद्वारा सञ्चालित कार्यक्रमहरूमा मात्र सीमित छैन । मञ्चमा आबद्ध किशोरीहरूको जागरुकता मञ्च गठन अगाडिका विभिन्न अभियानहरूसँग अभिन्न ढंगले गाँसिएको हुनाले पनि उनीहरूको वर्तमान सक्रियतालाई विगतदेखिको क्रियाशिलताको सन्दर्भमा बुझ्नु उपयुक्त हुन्छ ।

किशोरी एकरूपीय (Homogeneous) वर्ग होइन, यो केवल उमेर समूह हो । किशोरी अधिकार मञ्चमा आबद्ध किशोरीहरूको पारिवारिक, सामाजिक, आर्थिक र जातीय पृष्ठभूमि फरक छन् । त्यसैले सामाजिक पुँजी, आर्थिक पुँजी र राजनीतिक पुँजीमा पनि असमानता छ । तर, किशोरी अधिकार मञ्चमा सक्रिय बहुसंख्यक किशोरीहरू रूपन्देही र कपिलवस्तुका दक्षिणी भूगोलका छन् । उनीहरूमध्ये धेरै दलित परिवारका छन् । फरकपना हुँदाहुँदै पनि अधिकांश किशोरीले अनुभव गरेको लैङ्गिक विभेद, वञ्चितीकरण र विभेदजन्य सामाजिक मूल्य-मान्यताका भारीहरू उस्तै-उस्तै छन् । त्यसैले यहाँ किशोरी शब्दले उमेर समूह मात्र इंगित गर्दैन बरु उस्तै-उस्तै प्रकारको विभेदमा हुर्किरहेको सामाजिक वर्गको प्रतिनिधित्व गर्छ ।





## बोल्न सक्ने बोध

पितृसत्तात्मक समाजमा महिला र पुरुषको सामाजिकीकरण फरक ढंगले हुन्छ । पुरुषलाई अर्थोपार्जन, ज्ञान आर्जन, सांसारिक कर्महरू र सीप हासिल गर्नमा जोड दिइन्छ भने महिलालाई घरव्यवहार, सम्बन्ध, संस्कारमा जोड दिइन्छ । पितृसत्तात्मक समाजको मुख्य चरित्र नै महिलालाई बन्देज लगाउनु हो ।

किशोरी अधिकार मञ्चका किशोरीहरूले बारम्बार एउटा शब्दावली प्रयोग गर्छन्, ‘हानिकारक सामाजिक मूल्य र मान्यता ।’ ‘हानिकारक सामाजिक मूल्य र मान्यता’ भनेर उनीहरूले व्यक्तित्व विकास र आधारभूत मानव अधिकार हासिल गर्नबाट वञ्चित गर्ने प्रचलित सामाजिक मूल्य र मान्यतालाई बुझेका छन् । यो ‘हानिकारक सामाजिक मूल्य र मान्यता’ को अभ्यास घरबाट हुन्छ । यो सामाजिकीकरणको प्रक्रियाबाट अभ्यास हुन थाल्छ । यसले किशोरीहरूको भावना अभिव्यक्तिमा, विचार प्रस्तुति र बहसमा, सार्वजनिक थलोहरूको पहुँचमा बन्देज गर्छ ।

मञ्चमा सक्रिय अधिकांश किशोरीहरूले आफूमा आएको परिवर्तनबारे उल्लेख गर्दा ‘बोल्न सक्ने भएको’ लाई जोड दिन्छन् । यो ‘बोल्न सक्नु’ को अर्थ कार्यक्रमहरूमा अगाडि गएर बोल्न सक्ने मात्र होइन, न त अवधि वा भोजपुरी भाषीका किशोरीहरूले नेपालीमा बोल्न सक्नु नै हो । उनीहरूले बोल्न सक्छु भनेर आफूभित्रको भयलाई जितेको उल्लेख गर्छन् ।

कपिलवस्तु नगरपालिकाकी २० वर्षीय शिला यादव भन्छिन्, ‘आफ्नो हक, अधिकारका लागि बोल्न सक्नुपर्छ भन्ने भावनाको विकास भएको छ ।’ सैनामैना रूपन्देहीकी १९ वर्षीय रेजिना परियार भन्छिन्, ‘म पहिला धेरै मानिसहरूको अगाडि बोल्न सक्दिनथेँ । आफ्नो मनमा भएको कुराहरू पनि कसैलाई बताउन वा कसैको सामु भन्न डर लाग्थ्यो । जबदेखि म किशोरी अधिकार मञ्चमा लागेँ त्यसपछि म आफ्ना कुराहरू सबैको अघि राख्न सक्छु र धेरै मान्छेहरूका अघि बोल्न पनि सक्छु ।’

भय सामाजिक-सांस्कृतिक उत्पादन हो । व्यक्तिलाई सामाजिक संरचनाको परिधिमा सीमित गर्न भयको निर्माण गरिन्छ । भय समाजका शासकले शासितमाथि शासन गर्ने माध्यम हो । अन्टोनियो ग्राम्चीको भाषामा भय ‘प्रभुत्व’ को साधन हो । इज्जत, पाप, सामाजिक चलन आदिको आधारमा भयको निर्माण गरिन्छ र अभिव्यक्तिबाट वञ्चित गरिन्छ । अभिव्यक्तिबाट वञ्चित गर्नु भनेको प्रश्न गर्नबाट वञ्चित गर्नु हो । भय शासनको कति शक्तिशाली साधन हो भन्ने महात्मा गान्धीको यो अभिव्यक्तिबाट थाहा हुन्छ । भारतीय स्वतन्त्रता आन्दोलनका लागि गान्धीले दिएको महत्त्वपूर्ण वचन थियो, ‘आफ्नो मनबाट डर निकालिदेऊ संसारको शक्तिशाली शासक तिम्रो सामु घुँडा टेक्छ ।’

किशोरीहरूको परिवेशमा 'म बोल्न सक्छु' भन्नु महत्त्वपूर्ण बोध हो । यो आफ्नो स्वत्वप्रतिको जागरुकता हो । व्यक्तिको आफ्नो स्वत्वप्रतिको जागरुकता उसको रूपान्तरणको प्रस्थान बिन्दु हो । म अपहेलित भएको छु, म विभेदको शिकार भएको छु, म दमित छु त्यसकारण मैले परिवर्तनको बाटो रोज्नुपर्छ भन्ने बोध नै परिवर्तनको सुरुवात हो । विभिन्न अभियानहरूमा सक्रिय किशोरीहरूको साझा उत्तर 'म बोल्न सक्छु' को अर्थ म भयलाई जित्दैछु भन्नु हो । भय माथिको विजय इंगित गर्दै मर्चवारी, अमुवाकी उर्मिला अग्रहरि भन्छिन्, 'पहिला चिनेको मान्छेसँग पनि बोल्न सक्दिनथेँ, अहिले नचिनेकासँग पनि बोल्न सक्छु । पहिला वडा, पालिका कार्यालय जाँदिनथेँ, अब जान्छु । पहिला पुलिससँग डराउँथेँ, अहिले डराउँदिन ।'

'म बोल्न सक्ने भएको छु' भन्ने बोध हुनु सीमान्तकृत जातिका अपहेलित किशोरीहरूले आफ्नो जीवनबारे सोच्न थाल्नु हो । बोल्न नसक्नुको अर्थ आफू अपहेलित भएको, दबाइएको, जीवनका आयामहरू खुम्च्याइएको भन्ने महसुस गर्नु र त्यसको कारण सामाजिक परिवेश हो भनी बोध गर्नु हो । त्यसैले बोध रूपान्तरणको प्रस्थान बिन्दु हो ।

## गतिशीलतामा वृद्धि

पितृसत्तात्मक समाजमा महिलाको लैङ्गिकता, गतिशीलता, पैतृक सम्पत्ति माथिको अधिकार र वंशजको अधिकारमाथि पावन्दी लगाइन्छ । पितृसत्तात्मक नेपाली समाजमा यो बन्देजको अवस्था वर्ण, क्षेत्र र वर्गअनुसार फरक-फरक छ । किशोरी अधिकार मञ्चमा सहभागी अधिकांश किशोरीहरू मधेसी दलित समुदायको प्रतिनिधित्व गर्छन् । यो समुदाय सामाजिक संरचनाको सोपानमा सबैभन्दा कमजोर स्तरीकरण गरेको समुदाय हो । विभेद र बहिष्करणको लामो ऐतिहासिकता बोकेको यो समाजमा किशोरीमाथिको बन्देज सामाजिक सोपानमा उच्च स्थानमा राखिएका वर्ण, वर्ग, क्षेत्रका किशोरीहरूको भन्दा तुलनात्मक रूपले बढी छ ।

अध्ययनमा सहभागी अधिकांश किशोरीहरूको अर्को साझा अनुभव गतिशीलतामा वृद्धि हो । अभियानका क्रममा विभिन्न कार्यक्रमहरूमा सहभागिताका लागि किशोरीहरू आफ्नो समुदाय र भूगोलको सीमाबाट बाहिर आउन पाएका छन् । रूपन्देही र कपिलवस्तुको दक्षिणी भेगका मधेसी किशोरीहरूका लागि १०/२० किलोमिटर टाढाको सहर सपनाको विषय थियो ।






कोटहीमाई रूपन्देहीकी २० वर्षीय तिजा साहनीले अभियानको दौरानमा घर छोडेर हिडेको प्रसंग यसरी बताइन्, 'बुटवल, भैरहवा, तौलिहवा गइराख्छु । तिलौराकोट पनि गएकी छु । काठमाडौं पनि गएकी छु ।' यसो भन्दै गर्दा उनको अनुहारमा चमक र आत्मविश्वास झल्कन्थ्यो ।

कपिलवस्तु नगरपालिका, कपिलवस्तुकी १९ वर्षीय राधिका रैदासले भनिन्, 'घरबाट निस्कन पाएकी छु । जसले गर्दा आज म आफ्नो समस्यालाई सबैको अगाडि प्रस्तुत गर्न सकेकी छु ।'

घरबाट बाहिर निस्कन पाउनु, नजिकका बजारमा पुग्न सक्नु, टाढा राजधानीसम्म पुग्न पाउनु सामाजिक सीमाहरू तोड्न सक्नु पनि हो । किशोरीहरू यसरी बाहिर जान पाउँदा स्वतन्त्रता महसुस गर्छन् । अध्ययनका क्रममा रूपन्देही र कपिलवस्तुका दक्षिणी भेगका गाउँहरूमा पुग्दा किशोरीहरू शब्द छनोट गरेर बोल्थे । आफ्नो परिवारको अगाडि उनीहरू सबै अनुभूति प्रस्ट अभिव्यक्त गर्न सक्दैनथे । केही गाउँहरूमा पुग्दा किशोरीहरूका आमाहरू पटक-पटक कुराकानी सुन्न सँगै बस्थे । पछि केही कार्यक्रमहरूको दौरान बजारका सभाहल र होटलका हलहरूमा भेटिँदा ती किशोरीहरू खुलेर कुरा गर्थे । घरमा भन्न नसकेका अनुभवहरू सुनाउँथे । उनीहरू खुलेर हाँसिरहेका हुन्थे ।

गतिशीलतामा वृद्धि भनेको घर छोडेर कार्यक्रमहरूका लागि बजार पुग्नु मात्र होइन सार्वजनिक वृत्तमा उपस्थिति जनाउनु हो । यसका लागि किशोरीहरूले परिवार भित्रै संघर्ष गर्नुपर्ने हुन्छ । किशोरी अधिकार मञ्च, कपिलवस्तुकी अध्यक्ष अक्षिता शुक्लालाई सुरु-सुरुमा घरबाट बाहिर निस्कँदा चियो गर्नका लागि भाइलाई सँगै पठाइन्थ्यो । अहिले अक्षिताले जिल्लाका किशोरीहरूको मात्र नेतृत्व गरेकी छैनन्, सामुदायिक विकास केन्द्रमा शिक्षण पनि गर्छिन् । उनी आफ्नी आमाको जस्तो घरभित्र जिन्दगी बिताउन चाहँदिनन् ।

### केस स्टडी १

#### म फरक जिन्दगी जिउन चाहन्छु



अक्षिता शुक्ला २१ वर्षकी भइन् । उनी हाल बि.ए. तेस्रो वर्षमा अध्ययनरत छिन् । ६ जनाको उनको परिवार शिक्षित परिवार हो । बुवा वैदेशिक रोजगारीमा छन् । आमाले घरव्यवहार हेर्छिन् । दुई भाइ र एक बहिनी विद्यालयमा अध्ययनरत छन् ।

अक्षिता हाल सामुदायिक अध्ययन केन्द्रमा पढाउने काम गर्छिन् । उनले मन्टेश्वरी शिक्षण विधिको तालिम प्राप्त गरेकी छिन् । भविष्यमा गैरसरकारी संस्थाको निर्देशक बन्ने लक्ष्य राखेकी अक्षिता किशोरी अधिकार मञ्च, कपिलवस्तुको अध्यक्ष पदमा सक्रिय छिन् ।

अक्षिता स्थानीय बोर्डिङमा पढ्थिन् । उनको भाइ पनि सोही विद्यालयमा पढ्थे । उनको गाउँमा केयर नेपाल, दलित सामाजिक विकास केन्द्र, सिद्धार्थ सामुदायिक केन्द्रले 'अब मेरो पालो' अभियानअन्तर्गत रूपान्तरण कक्षाहरू सञ्चालन गरेको थियो । कक्षा ५ मा अध्ययनरत हुँदा नै उनी विद्यालयका शिक्षक मार्फत उक्त कक्षाहरूमा जोडिन पुगिन् । सुरु-सुरुमा अक्षितालाई लैङ्गिक विभेदका बारेमा सुन्दा आफ्नो घरमा यस्तो हुँदैन जस्तो लाग्थ्यो । 'मेरो बुवाले म र भाइलाई बोर्डिङ स्कुल पठाउनुभएको थियो । हाम्रो घरमा त विभेद छैन जस्तो लाग्थ्यो ।' अक्षिताले आफ्नो तत्कालीन अनुभव सुनाइन् ।

८ महिनापछि रूपान्तरण कक्षा बन्द भयो । २०७५ सालमा किशोरी अधिकार मञ्च गठन भयो । त्यतिबेला उनी जिल्ला सचिवमा चयन भइन् । सुरु-सुरुमा कार्यक्रमहरूमा हिंड्दा एकदमै गाह्रो भएको उनको अनुभव छ । अक्षिताले आफ्नो अनुभव यसरी सुनाइन्, 'कार्यक्रमहरूमा हिंड्दा सुरुमा घरमा गाह्रो भएको थियो । कुनै ठाउँमा जाँदा मेरो सानो भाइलाई गार्डका रूपमा, चियो गर्नका लागि पठाइन्थ्यो । समुदायका मान्छेहरूले पनि केटीहरू होटलमा गइरहेछन् भन्दै बुवासँग अनेक कुरा गर्थे । हाम्रो तराईमा यस्तै हुन्छ । पछि केयर नेपालको म्यामहरू घर जानुहुन्थ्यो, कार्यक्रमका बारेमा सरहरूले पनि कुरा गर्नुहुन्थ्यो । अनि बिस्तारै घरपरिवारले बुझ्नुभयो । कार्यक्रमहरूमा जाँदा यातायात खर्च पाइन्थ्यो । त्यो म घरमा जस्ताको तस्तै दिन्थें । यसले पनि परिवारमा विश्वास जित्न सजिलो भयो ।'

अहिले अक्षिता विभिन्न कार्यक्रमहरूमा हिंडिरहेकी हुन्छिन् । सामुदायिक अध्ययन केन्द्रमा शिक्षण गरेर केही पैसा कमाउँछिन् । त्यो पैसा उनी घरमा दिन्छिन् । घरबाट उनले समर्थन पाइरहेकी छिन् ।

किशोरी अधिकार मञ्चका अभियानहरूमा संलग्न हुँदा आफ्नो आत्मविश्वास बढेको उनको अनुभव छ । आफ्नो अधिकारका लागि बोल्न सक्ने भएकी छु भन्ने अक्षिता अहिले बालविवाह न्यूनीकरणका लागि दौडधुप गरिरहेकी हुन्छिन् । तर यसको सुरुवात भने उनी आफैँबाट भएको हो । उनको समुदायमा उनका समकक्षी धेरै किशोरीहरूको बिहे भइसकेको छ । सात-आठ कक्षापछि पढाइ रोकिएको छ । तर अक्षिताको अध्ययन निरन्तर छ । यसको जस उनी मञ्च मार्फतको आफ्नो सक्रियतालाई दिन्छिन् । कसरी उनले घरमा बिहेको प्रस्ताव इन्कार गर्न सकिन् भन्नेबारे अक्षिता यसरी भन्छिन्–

'किशोरी अधिकार मञ्चमा नलागेको भए शायद मेरो पनि बिहे भइसकेको हुन्थ्यो । १० कक्षा पास गरेपछि बुवाले अब नपढ भन्दै हुनुहुन्थ्यो । म पहिला बुवासँग बोल्नै सक्दिनथें । तर, त्यतिबेला म अझै पढ्छु भनेर आफ्नो कुरा प्रस्ट राख्न सकें । दुई-दुई पटक बिहेको प्रस्ताव आएको थियो । बुवा र ममीले केटाको फोटो देखाउनुभएको थियो । ममीले केटा ठीक छ, सम्पत्ति पनि छ भन्नुभएको थियो । दहेजका लागि ५ लाख, गाडी माला पनि मागेको थियो । मैले भनें, अर्को बहिनी पनि छ । मेरा लागि यति खर्च गर्नुहुन्छ भने बहिनीका लागि के राख्नुहुन्छ ? मैले सोधें, उसले कति पढेको छ ? बुवाले भन्नुभयो, बाह्र कक्षा पढेको छ अनि छड, सिमेन्टको दुकान गरिरहेको छ । मैले भनें, उसमा केही समस्या भएको भए उसले पढाइ छोड्दैनथ्यो । अनि बुवा ममी पनि मेरो बिहे नगर्ने कुरामा सहमत हुनुभयो । त्यसपछि पनि अर्को प्रस्ताव आयो । बुवाले सोध्नुभयो, मेरी छोरीले काम गर्न चाह्यो भने पाउँछे कि नाइँ ? उनीहरूले नजिकै मात्र भए दिने भनेपछि बुवाले नै क्यान्सिल गर्नुभयो । प्रायः केटीहरू बुवासँग भन्न सक्दैनन् । म पनि त्यस्तै थिएँ । कुनै समस्या पर्दा पनि बुवासँग आफनो कुराहरु भन्न सक्दिनथें, ममीसँग पनि सक्दिनथें । अहिले भन्न सक्छु ।'

आफ्नो मात्र नभएर अन्य बालविवाह रोकेको उनको अनुभव छ । कर्मा गाउँमा छ वटा बालविवाह रोक्न खोजेकोमा चारवटा मात्र रोक्न सकेको र दुईवटा भएको उनको अनुभव छ । बालविवाह न्यूनीकरणमा जनप्रतिनिधिहरूको सहयोग छ तर बालविवाह रोक्न जनप्रतिनिधिहरूको योगदान चाहे जति नभएको उनको गुनासो छ । 'बालविवाह विरुद्ध कानुन बनेको छ तर हाम्रोतिर प्रभावकारी रूपमा लागू भएको छैन । स्थानीय सरकारका जनप्रतिनिधिहरू नै बिहेमा भोज खान जान्छन् ।' अक्षिता दुखेसो पोख्छिन् । बालविवाह रोक्न खोज्दा उनले अनेकौं आरोप सहनुपरेको छ । 'आफू त बिग्रे-बिग्रे अरूलाई पनि बिगार्न खोज्छन्' जस्ता आरोपहरू सुन्नुपर्छ । तर आफ्ना समुदायका किशोरीको पीडा

देख्दा उनको मन पोल्छ । उनी आफ्ना आमाहरूको जस्तो जीवन जिउन चाहन्नन्, भन्छिन्, 'ममी र ममा फरक छ । ममी ५ कक्षा पढेर छोड्नुभयो । उहाँ घरबाट बाहिर निस्कन पाउनु हुँदैन । घुँघट ओढेर बस्नुपर्छ । घरमा हेपाइ सहनुपर्छ । म फरक जिन्दगी जिउन चाहन्छु ।'

शिक्षा कति महत्वपूर्ण हो भन्ने उनले महसुस गरेकी छिन् । आफ्नो लुगाको छनोटमा पनि शिक्षाको प्रभाव भएको उनको अनुभव छ । आफ्नो समुदायका किशोरीहरूको लुगा र शिक्षाको सम्बन्धबारे अक्षिताले सुनाइन्, 'पढाइ छोडेका, घरमै बस्ने किशोरीहरूले कुर्ता-सुरुवाल मात्र लगाउँछन् । १०/१२ कक्षा पढेकाहरूले जिन्स, टप्स पनि लगाउँछन् ।'

गतिशीलतामा वृद्धिले किशोरीको शिक्षाको निरन्तरता पनि वृद्धि भएको पाइयो । रूपन्देही र कपिलवस्तु किशोरीहरूले कक्षा छोड्ने दर बढी भएको जिल्लामा पर्दछ । तथ्यांक हेर्दा यी जिल्लामा कक्षाअनुसार लैङ्गिक अनुपात घट्ने दर बढी छ । सन् २०१६ मा कक्षा १ देखि ५ मा रूपन्देहीको लैङ्गिक अनुपात १.१० र कपिलवस्तुमा १.०६ थियो । त्यही अवधिमा कक्षा ६-८ मा रूपन्देहीको लैङ्गिक अनुपात १.०१ र कपिलवस्तुमा ०.९०, कक्षा ९-१० मा रूपन्देहीको ०.८५ र कपिलवस्तुको ०.८२ र कक्षा ११-१२ मा ०.८४ र ०.९६ थियो ।[६] यो तथ्यांकले कक्षा चढ्दै जाँदा छात्राको संख्या घट्दै जाने वा छात्राले कक्षा छोड्ने संकेत गर्दछ । कक्षा छोड्नुमा बालविवाह, दाइजो प्रथा र गरिबीको भूमिका उल्लेखनीय छ । तर, त्योभन्दा उल्लेखनीय कारण गतिशीलतामा नियन्त्रण हो । छोरीलाई 'अर्काको घरमा जाने जात', छोरीमाथिको लगानी खेर जाने भन्ने जस्ता मान्यताहरू हुन् । हुर्केकी छोरीलाई 'बाहिर' पठायो भने 'बिग्रने' डर हुन्छ भन्ने सोचाइ हो ।

अध्ययन प्रयोजनमा कुराकानी गरिएका किशोरीहरू मध्ये अधिकांश किशोरी नियमित विद्यालय जान्छन् । उनीहरू मध्ये केही बीचमा नै कक्षा छोडेर पुनः निरन्तरता दिएका पनि छन् (उदाहरणका लागि हेर्नुहोस्, केस स्टडी २) । धेरै जनाको अभिभावकहरू निरक्षर छन् वा प्राथमिक तहमात्र अध्ययन गरेका छन् तर किशोरीहरूको अध्ययन निरन्तर छ । खुस्बु हरिजनका बुवा निरक्षर छन्, उनी कक्षा १० को नियमित विद्यार्थी हुन् । आफ्नो समुदायमै निरक्षरता बढी भएको भएपनि पुष्पा हरिजन भने स्नातकमा अध्ययनरत छिन् । शालिनी मिश्रा उनको समुदायमा पहिलो पटक स्नातक पढ्दै गरेकी महिला हुन् । साधना हरिजनले २०७२ मा एसएलसी उत्तीर्ण गरेकी थिइन् । उनी अहिले कक्षा ११ मा

[६]प्रदेश ५ को वस्तुस्थिति विवरण । प्रदेश योजना आयोग, बुटवल । २०७५ । पाना: १०५ ।





भर्ना भएकी छिन् । अभियानले किशोरीहरूलाई शिक्षाप्रति जागरुक बनाइदिएको छ । तर, आर्थिक कठिनाई र परिवारको जिम्मेवारी कै कारण केही किशोरीहरूले अध्ययन नियमित गर्न सकेका छैनन् । घर धान्ने बुवा एक्कासी बितेपछि ४ जनाको परिवारमा जेठी हुनुको नाताले रूपन्देहीकी एक किशोरीको पारिवारिक जिम्मेवारी बढ्यो । उनी घरधन्दा र गाउँमै कृषि मजदुरी गर्छिन् । स्नातकमा भर्ना भए पनि उनको अध्ययन निरन्तर छैन । उनीसँगै पढ्ने भाइ पनि भर्ना भएका छन् । भाइले गाउँ नजिकको बजारमा काम गर्छन् । त्यसैले उनले पनि अध्ययन निरन्तर गर्न सकेका छैनन् । यस्ता केही परिस्थितिहरूले अध्ययनमा रोकावटका कारण लैङ्गिक विभेद भन्दा पनि आर्थिक दायित्व भएको देखिन्छ ।

## नागरिकतामा हस्तक्षेप

नागरिकता मधेशको प्रमुख समस्याको रूपमा चिनिन्छ । एकातर्फ, नागरिकता प्राप्तिमा राज्यका कानुनी अड्चनहरू छन् । अर्कोतर्फ, विद्यमान कानुन अनुसार पनि नागरिकता प्राप्त गर्न बन्देज लगाइन्छ । विशेष गरेर किशोरीहरू नागरिकता प्राप्त गर्नबाट बञ्चित छन् ।

'नागरिकता प्राप्त गर्न महिलाहरूलाई सबभन्दा पहिले पारिवारिक तहबाट समस्या पर्ने गरेको छ । विशेषतः सम्पत्तिमाथि दाबी गर्ने डरका कारण उनीहरूको नागरिकता नबनाइदिने गरिन्छ । नागरिकता भयो भने महिलाहरू घरबाहिर अर्थात् सार्वजनिक ठाउँमा कामकाज गर्न, व्यवसाय गर्न सक्छन्, त्यस्तो काम गर्ने भनेको पुरुषले हो, महिलाले होइन, केही अर्थोपार्जनको काममा महिला लागेमा पुरुषको नियन्त्रणबाट बाहिर जान्छ भन्ने डर परिवारका पुरुषमा रहेको छ ।[७]' यसैले नागरिकता केवल राज्यको कानुनी सदस्यता र राज्य प्रदान सुविधा र अधिकारका लागि मात्र होइन सामाजिक गतिशीलता र स्वतन्त्रताका लागि पनि आवश्यक छ ।

किशोरी अधिकार मञ्चको नियमित कार्यमा बालिकाहरूको जन्मदर्ता गराउन र किशोरीहरूको नागरिकता बनाउन पहल गर्नु हो । जन्मदर्ता र नागरिकता बनाउनका लागि मञ्चमा आबद्ध किशोरीहरूको आफ्नै संघर्षका कथा छन् भने उनीहरूले अहिले समाजका अन्य किशोरीहरूको नागरिकताका लागि परिवार र समुदायसँग संघर्ष गरिरहेका छन् । अहिले अन्य किशोरीहरूको नागरिकताका लागि पहल गरिराख्ने किशोरी अधिकार मञ्च, रूपन्देहीकी सुनिता हरिजनले आफ्नो नागरिकताका लागि पनि निकै जोड गर्नुपरेको थियो । त्यसका लागि उनले सम्पत्तिमाथिको अधिकार नखोज्ने बाचा गर्नुपरेको थियो ।

[७]श्रेष्ठ, लक्ष्मी । २०७६ । मधेसी महिलाको नागरिकता विहीनता : परिवार, समाज र राज्यमा पितृसत्ता । पैदल अनुसन्धा : प्रयोग र उपलब्धि । सोहनप्रसाद साह र महेशराज महर्जन, सं., पृ. २३-४० । काठमाडौंः मार्टिन चौतारी ।

## केस स्टडी २




### पढाइ सुचारु भयो, नागरिकता पनि बन्यो

लुम्बिनी सांस्कृतिक नगरपालिका २ मजहनाकी सुनिता हरिजन स्थापना (२०७५ साल) देखि नै किशोरी अधिकार मञ्चमा आवद्ध छिन्। किशोरी अधिकार मञ्च, रूपन्देहीकी संस्थापक उपाध्यक्ष सुनिता अहिले जिल्ला अध्यक्ष छिन्।

कृषि पेसामा निर्भर सुनिताको परिवारमा १३ जना छन्। बुवा, आमा, तीन दाजु र तीन भाउजु, भाइ, बहिनी, भतिजा र भतिजीसहितको ठूलो परिवार छ उनको। दुई जना दिदीहरूको बिहे भइसकेको छ। जम्मा २ कठ्ठा जमिन भएको उनको परिवारले अधियाँमा जमिन लिएर खेती गर्छ। दुई दाजुहरूले होटलमा काम गर्छन्। उनीहरूको कामले घर धानिएको छ।

सुनिता शिक्षा संकायमा स्वास्थ्य विषय लिएर बलरामपुर मा.वि.मा कक्षा १२ मा अध्ययनरत छिन्। विद्यालय आधा किलोमीटरको दूरीमा छ। उनी दैनिक पैदल विद्यालय जान्छिन्। स्नात्तकोत्तरसम्मको अध्ययनको लक्ष्य राखेकी सुनिता नियमित पढ्न चाहन्छिन्। तर उनले विद्यालय यात्रामा कठिनाई भोगिसकेकी छिन्। सात कक्षा पढिसकेपछि घरबाट उनको पढाइ रोकियो। उनी घरमै बस्नुपऱ्यो। रूपन्देही र कपिलवस्तुको दक्षिणी भेगको मधेसी समुदायमा किशोरीहरूको शिक्षाबारे खासै जागरुकता छैन। अर्काको घर जाने जात, अब घरको काम सम्हाल भनेर सुनिताको पनि पढाइ रोकियो। त्यति नै बेला केयर नेपालले 'उडान' कक्षा सञ्चालन गऱ्यो। उडान कक्षा सुनिताकै विद्यालयमा सञ्चालन हुन्थ्यो। त्यसमा विद्यालय छोडेका किशोरीहरूको शिक्षा निरन्तर गराउन सहयोग हुने कक्षा सञ्चालन हुन्थ्यो। दैनिक कक्षासँग अतिरिक्त क्रियाकलाप पनि हुन्थ्यो। साथै सचेतना कार्यक्रम चल्थ्यो। सुनिता उडान कक्षामा नियमित जान थालिन्। घरमा घाँस काट्न भनेर ढाँटेर कक्षा जान्थिन्। एक वर्षपछि उनी उत्तीर्ण भएको खबरसँगै शिक्षकले घरमा आएर अभिभावकलाई सम्झाइदिए। त्यसपछि सुनिता विद्यालय नियमित जान थालिन्। यो घटनापछि सुनिताले म जस्तै पढ्न नपाएका किशोरीहरूलाई सहयोग गर्नुपर्छ, पढाउनुपर्छ भन्ने सोच्न थालिन्।





बालविवाहको कारण महिलाको यौनिकता माथि नियन्त्रण छ। २०७५ सालमा किशोरी अधिकार मञ्च गठनका लागि भैरहवामा भेला भयो। उनी उडानबाट त्यहाँ प्रतिनिधित्व गरेकी थिइन्। उनी त्यो भेलाबाट उपाध्यक्ष चुनिइन्। अहिले उनी किशोरीहरूको अध्ययनको निरन्तरताका लागि सक्रिय छिन्। घर-घरमा गएर पढाइ निरन्तरताका लागि खट्दा अनेक कुरा सुन्नुपरेको उनको अनुभव छ। कैयौं अभिभावकलाई सम्झाएर र जिम्मा लिएर अध्ययन निरन्तर गराएकी छिन्। सुनिता अनुभव सुनाउँछिन्, 'साथीहरूलाई घर-घरमा लिन जाँदा तिम्रो जिम्मामा पठाउँछु, केही भयो भने तिमी नै जिम्मेवार हुनुपर्छ भन्छन्।'

सुनिताको समुदायको अर्को समस्या छोरीहरूको जन्मदर्ता र नागरिकता नबनाइदिनु हो। सुनिता आफ्नै पनि नागरिकता बनाउन परिवार तयार थिएन। किशोरी अधिकार मञ्चमा सक्रिय हुँदा उनले नागरिकताको महत्त्व बुझिन्। आफ्नो नागरिकताका लागि उनले घरमा संघर्ष गरिन्। बुवाले उनलाई छोराले जत्ति सम्पत्ति दाबी गर्ने शंका व्यक्त गरेका थिए। सुनिताले सम्पत्तिमा दाबी नगर्ने बाचा गरेर नागरिकता बनाइदिन बाध्य पारिन्। अहिले किशोरी अधिकार मञ्चको पहलमा धेरै किशोरीहरूको नागरिकता बनेको छ। विद्यालयमा भर्ना, जन्म दर्ता र नागरिकता मञ्चको नियमित कार्य हो।

सुनिता अहिले मञ्चका कार्यक्रमहरूको योजना बनाउँछिन्, कार्यक्रममा बोल्छिन्, स्थानीय तहसँग सम्बन्ध विस्तार गर्छिन्। मञ्चको कार्यक्रममा सक्रिय भएपछि उनी चर्चित बन्न थालिन्। घरमा उनको पक्षमा माहोल बन्न थाल्यो। अहिले दाइहरूले नै सहयोग गर्छन्। घरको परिवर्तित माहोलबारे सुनिता भन्छिन्, 'पहिला म छेउमा बसेर दाइले मोबाइल चलाएको हेर्दा पनि गाली खान्थें। अहिले दाइले नै मोबाइल किनिदिनुभएको छ। कार्यक्रमहरूमा पुऱ्याइदिनुहुन्छ।'

सुनिताको लक्ष्य भविष्यमा नेता बन्ने रहेको छ। नेता बनेर महिला र किशोरीका पक्षमा काम गर्न सकिने उनको बुझाइ रहेको छ। 'म किशोरी अधिकार मञ्चमा सक्रिय नभएको भए उहिल्यै बालविवाह भइसक्थ्यो' भन्ने सुनिता अहिले बालविवाहको रोकथामका लागि र किशोरीको जागरुकताका लागि रूपन्देहीमा सक्रिय छिन्। बेला मौकामा उनी कपिलवस्तु, अर्घाखाँची, बाँके, बर्दियासम्म पनि पुग्छिन्।

## बालविवाहमा न्यूनीकरण

बालविवाह न्यूनीकरण किशोरी अधिकार मञ्चले चयन गरेको प्रमुख मुद्दा हो। सन् २०१६ को सर्वेक्षणअनुसार २५ देखि ४९ उमेर समूहमा महिलाको विवाहको मध्यवर्ती उमेर १७.९ वर्ष देखिएको छ जबकि पुरुषको २१.७ छ। १५ वर्षको उमेरमा विवाह हुने किशोरी १३ प्रतिशत छन् भने त्यही उमेरमा ३ प्रतिशत किशोरको बिहे हुन्छ। १८ वर्ष उमेरमा विवाह हुने किशोरीको प्रतिशत ५२ छ भने त्यहीं उमेरमा १९ प्रतिशत किशोरको बिहे हुन्छ।[८]

बालविवाह भूगोल र जातीय समुदायअनुसार फरक-फरक छ। मधेसी समुदाय, विपन्न वर्ग र सीमान्तकृत समुदायमा बालविवाह अधीक छ। किशोरी अधिकार मञ्च बढी सक्रिय भएको क्षेत्र मधेसी समुदाय हो जहाँ बालविवाहको मात्रा रूपन्देही र कपिलवस्तुका उत्तरी भेगको भन्दा बढी छ।

बालविवाहको कारण महिलाको यौनिकता माथि नियन्त्रण छ। अध्ययन प्रयोजनले वार्तालाप गरिएका सबै किशोरीले घरपरिबार बिग्रन्छ कि भन्ने डर भएको उल्लेख गरे। किशोरी अधिकार मञ्च, कपिलवस्तुकी अध्यक्ष अक्षिता शुक्लाकी आमा छोरीको परिवर्तनसँग खुसी छिन्। छोरी चर्चामा आएको, मञ्चमा बोलेको, आफूले कल्पना पनि नगरेको ठाउँहरू घुमेकामा खुसी छिन्। तर, उनले बारम्बार छोरीलाई 'हामीले विश्वास गरेर बाहिर जान दिएका छौं, नराम्रो सुन्न नपरोस्' भनेर चेताइरहन्छिन्। 'नराम्रो' शब्दले यहाँ गहिरो अर्थ व्यक्त गर्दछ। 'नराम्रो' भन्नुको अर्थ कुनै केटासँग बोल्नु, हिंड्नु, प्रेम सम्बन्ध हुनु र आफैंले रोजेर बिहे गर्नु हो। किशोरीको यौनिकता माथिको नियन्त्रणकै सोंचका कारण सकेसम्म छिटो बिहे गरिदिइन्छ।

किशोरी अधिकार मञ्चमा सक्रिय किशोरीहरू परिवारको विश्वास कायम राख्ने दबाबमा रहेको उनीहरूसँगको कुराकानीमा महसुस गर्न सकिन्छ। अभियानमा सक्रिय किशोरीहरू समुदायका अन्य किशोरीहरूभन्दा आफ्नो स्वतन्त्रता र निर्णयमा सचेत छन्। उनीहरूको आत्मविश्वासमा वृद्धि भएको छ। केहीले विवाह प्रस्तावलाई इन्कार गर्न सकेका छन्, परिवारमा आफ्नो बिहेको विरोध गर्न सकेका छन्। तर, अभियानमा सक्रिय किशोरीहरू पनि बिहेको निर्णय आफैं लिन सक्ने विषयमा विश्वस्त छैनन्। अध्ययनका क्रममा धेरै किशोरीहरूसँग बिहे, जीवनसाथीको छनोट प्रक्रिया, बिहेको पद्धतिबारे कुराकानी गरिएको थियो। अधिकांश किशोरीहरू आफैंले जीवनसाथी छनोट गर्न सके दाइजोको समस्या कम हुने, आफ्नो रुचि मिल्ने छनोट हुन सक्ने र आफ्नो 'स्वतन्त्रता' कायम हुन सक्नेमा आशावादी देखिन्थे। तर, उनीहरू धेरैलाई स्व-छनोटमा भय थियो। एक जना किशोरीले आफ्नो भय यसरी व्यक्त गरिन्, 'आफैंले केटा रोज्ने हो भने त धेरै कुरा सजिलो हुन्थ्यो होला। तर, पछिसम्म ऊ राम्रै होला कसरी भन्न सकिन्छ र ? मान्छेलाई चिन्न कहाँ सकिन्छ र ? पछि कुनै समस्या आयो भने कसलाई भन्न जाने ? बुवालाई भन्न पनि सकिन्न ? बुवाले नै बिहे गरिदिएपछि केही भयो भने पनि भन्ने ठाउँ त हुन्छ। त्यसैले आफैंले रोज्ने राम्रो कुरा भए पनि म त्यस्तो गर्न सक्तिनँ।'

[८]Nepal Demographic and health survey 2016, Ministry of Health, Nov. 2017. Pp 75-77.





स्व-छनोटमा भय रहे पनि बालविवाहको न्यूनीकरणमा भने अभियन्ता किशोरीहरू सचेत छन्। किशोरी अधिकार मञ्चको एउटा नियमित कार्य बालविवाहको न्यूनीकरणका लागि सचेतना कार्यक्रम गर्नु र आवश्यक परेको खण्डमा 'हस्तक्षेप' गर्नु हो। मञ्चका सक्रिय किशोरीहरूले सकेसम्म सल्लाह र समझदारीमा नै बालविवाह रोक्न खोज्ने बताउँछन्। तर, बेलाबखत उनीहरूलाई प्रहरी र स्थानीय जनप्रतिनिधिको सहयोगमा 'हस्तक्षेप' गनुपर्ने हुन्छ।

यौनिकता माथिको बन्देज यति बलशाली छ कि अभियानमा सक्रिय किशोरीप्रतिको विश्वासमा संकट उत्पन्न भएको खण्डमा उनीहरू पनि बालविवाहको शिकार हुने सम्भावना बाँकी नै रहन्छ। त्यस्तो बेलामा किशोरी अधिकार मञ्चले पूरा शक्ति लगाएर बालविवाह रोक्ने प्रयत्न गरेका उदाहरणहरू छन्। किशोरी अधिकार मञ्च, कपिलवस्तुकी कोषाध्यक्ष शालिनी मिश्राले एक जना साथीको बालविवाह रोक्न प्रहरी प्रशासन र जनप्रतिनिधिसम्म पुग्नुपरेको उल्लेख गरिन्। जनप्रतिनिधिको हस्तक्षेपकारी भूमिकाका लागि 'बालविवाह नरोकेको खण्डमा आउने चुनावमा भोटसम्म नपाउने' 'धम्की' दिनुपरेको उल्लेख गरिन्।

### केस स्टडी ३

**बालविवाह रोक्न जनप्रतिनिधिलाई 'धम्की'**



शालिनी मिश्रा किशोरी अधिकार मञ्च, कपिलवस्तुको कोषाध्यक्ष पदमा क्रियाशील छिन्। उनी अहिले १८ वर्षकी भइन्। उनी अंग्रेजी विषय लिएर शिक्षा संकायमा १२ कक्षा अध्ययनरत छिन्। उनको घर कपिलवस्तु जिल्ला, शुद्धोधन गाउँपालिका ७, खुनगावामा पर्छ।

शालिनीको परिवारमा ६ जना सदस्यहरू छन्। सबै शिक्षित छन्। उनको बुवा बिएससी उत्तीर्ण छन् र कृषि पेसा अपनाएका छन्। आमा पनि १२ कक्षा उत्तीर्ण छिन्। उनका

दुई दिदी र एक दाइ विश्वविद्यालय तहमा र बहिनी विद्यालय तहमा अध्ययनरत छन् । पक्की घर भएको शालिनीको परिवारको तीन बिगाहा खेत छ । शालिनी अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै अगाडि छिन् ।

विद्यालयमा वादविवाद, वक्तृत्वकला, हाजिरीजवाफ प्रतियोगिताहरूमा भाग लिइरहन्छिन् । उनको व्यक्तित्व विकास अभियानमा सक्रियताको ठूलो भूमिका छ ।

शालिनी १० कक्षासम्म अध्ययनरत हुँदा उनको गाउँमा कुनै संघ-संस्थाहरू थिएनन् । सुरुमा त्यहाँ केयर नेपाल, सिद्धार्थ सामुदायिक केन्द्र र दलित सामाजिक विकास केन्द्रले 'अब मेरो पालो' (टिपिङ प्वाइन्ट) भन्ने कार्यक्रम सञ्चालन गर्‍यो । यो कार्यक्रमअनुसार हरेक शनिबार कक्षा चल्थ्यो । कक्षामा लैङ्गिकता, प्रजनन स्वास्थ्य आदि विषयमा छलफल हुन्थ्यो । 'अब मेरो पालो' मा किशोर-किशोरी, आमा-बुवाहरूको सहभागिता हुन्थ्यो । त्यहाँ किशोरीहरूको बीचमा लगाइ, खुवाइ, गतिशीलता, परिवारको निर्णय प्रक्रियामा उसको भूमिका आदिबारे छलफल हुन्थ्यो । बालविवाहको बारेमा पनि छलफल हुन्थ्यो । त्यस्तै किशोर-किशोरीको बीचमा, आमाहरूसँग, बुवाहरूसँग, समाजका पुरोहितहरूसँग अन्तरक्रिया हुन्थ्यो । 'अब मेरो पालो' मा सहभागी हुन थालेपछि अभियानहरूमा हिंड्नका लागि शालिनीले परिवारबाट समर्थन र सहयोग पाउन थालिन् । १७ महिनाको प्याकेजपछि 'अब मेरो पालो' कार्यक्रम अन्त्य भयो । त्यसपछि २०७५ सालमा किशोरी अधिकार मञ्च गठन भयो । शालिनी भने २०७७ सालमा मात्र आबद्ध भएकी हुन् ।

शालिनीको समुदायमा बालविवाह व्यापक छ । शालिनी र किशोरी अधिकार मञ्च बालविवाह न्यूनीकरणमा लागिपरेका छन् । बालविवाह रोक्ने प्रयासका कैयौं कथा छन् शालिनीसँग । बालविवाह रोक्ने प्रयासको एउटा प्रसंग शालिनीले यसरी व्यक्त गर्छिन्-

'अब मेरो पालो' मै आबद्ध भएका किशोरीहरूमध्ये पनि केही साथीहरूको बालविवाह हुन थालेको थियो । हामीले केही रोक्न सक्यौं । एक जना साथीको बिहे हुनुभन्दा पहिला रोकेका थियौं । उक्त साथीलाई एक जना केटा साथीसँग हिंडेको देखेर 'अफेयर' को आरोप लगाइएछ । इज्जतको कुरा त हामी किशोरीहरूमै थोपरिन्छ । अब इज्जत जाने भयो भनेर ती साथीको बिहेको तयारी गरिएछ । एकदमै छिटो बिहेको तयारी गरिएछ । ती साथीले हाम्रो समूहलाई गाइड गर्ने सिर्जना दिदीलाई राति फोन गरेर बिहे गर्न चाहँदिन भनिन् । 'म त्यो केटासँग बोल्न पनि बोल्दिन । अब मेरो १२ को परीक्षा पनि आउन थालेको छ । म परीक्षा पनि दिन पाउँदिन । मेरो बिहे





रोकिदिनु' भनिन् । त्यसपछिको बैठकमा ती साथीलाई पनि बोलायौं । त्यतिबेला बिहे हुन २ दिन मात्र बाँकी थियो । ती साथीले जसरी पनि मेरो बिहे रोकिदिनुस् भनिन् । बैठकबाट हामी प्रहरी कार्यालयमा गएर जबरजस्ती बिहे गर्न खोजेको छ भनेर बतायौं । केटा पनि बिहे गर्न चाहँदैनथ्यो । ऊ पनि किशोर नै थियो । अनि हामी सबै र दुई जना महिला प्रहरी भएर घरमा गयौं । साथीको परिवारलाई यो कानुन विपरीत हुन्छ, यो बिहे गर्ने उमेर होइन भनेर सम्झायौं । साथीको आमाबुवाले तिमीहरूले बिहे रोक्न आएका हौ भने तिमीहरूले नै पाल, तिमीहरूले नै खर्च गर भनेर गाली गर्नुभयो । त्यो टोलमै वडाअध्यक्षको घर थियो । वडाअध्यक्षलाई भन्न गयौं । 'यो बालविवाह रोक्न पहल गर्नुभएन भने आउने चुनाव पनि जित्न दिंदैनौं' भनेर अलि धम्की पनि दियौं । वडाअध्यक्षले पनि पहल गर्नुभयो । एकचोटि घुमेको आरोपमा बालविवाह गर्नु अपराध हो भनेर सम्झाउनुभयो । दिनभर बहस भयो । हामी बिहान १० बजे गएका थियौं साँझ ६ बजेसम्म त्यहीं थियौं । घर आउँदा हामीलाई पनि घरमा कहाँ गएको भनेर प्रश्न आयो । व्यापक हल्ला भयो । केटाको परिवारमा पनि कुरा पुग्यो । प्रहरीले अर्को दिन पनि दबाब दियो र विवाह रोकियो । अहिले त ती साथीको पढाइ निरन्तर छ । उहाँ बि.एड. पढ्दै हुनुहुन्छ ।'

समुदायमा बालविवाह अन्त्यमा सक्रिय हुने शालिनी आफैं भने पहिले घरबाहिर हिंड्न डराउँथिन । अभियानमा सक्रिय हुँदा तपाईंमा आएको परिवर्तन के हो भन्ने प्रश्नको जवाफमा 'आफ्नो अभिव्यक्ति जो सामु पनि स्पष्ट रूपमा राख्न सक्छु, स्वतन्त्र रूपमा एक्लै विभिन्न ठाउँमा आवत-जावत गर्न सक्छु, विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्छु' भन्ने शालिनीको परिवर्तन त्यति सहज भएको होइन । घरबाट बाहिर जान स्वीकृति पाए पनि उनमा हिम्मत थिएन । त्यसमाथि यात्राको क्रममा भोग्ने सांकेतिक हिंसा र दुर्व्यवहारले उनलाई झनै खुम्च्याउँथ्यो । उनले कसरी यात्रा गर्ने हिम्मत गर्न सकिनँ भन्ने प्रसंग यसरी उल्लेख गरिन्-

'एकपटक म कार्यक्रममा बुटवल आउँदा अटोवालाले दुर्व्यवहार गर्‍यो । त्यसपछि मलाई बुटवल एक्लै आउन, हिंड्न डर लाग्यो । अलि समय म बुवालाई छोड्न, लिन आउन भन्थें । हाम्रो बैठकमा यो कुरा हुँदा एक-दुईवटा घटनाले आत्तिन हुन्न । यस्तो चुनौती त भोग्नुपर्छ भन्ने सल्लाह भयो । अनि मैले हिम्मत गरें । एक दिन म कुनै काम नभए पनि बुटवल आएँ । बुटवल आउन घरबाट भैरहवा अनि भैरहवाबाट बुटवल आउनुपर्छ । बुटवल आएर फर्कें । मलाई बुटवल आएर फर्कंदा तीन घण्टा लाग्यो । तर मेरो हिम्मत बढ्यो । अब त म एक्लै जहाँ पनि जान सक्छु । म एक्लै काठमाडौं पनि पुगेको छु ।'

## जीवनका आयामहरूमा विस्तार

'म पुलिस (प्रहरी) बन्न चाहन्छु । पुलिस बनेर रक्सी खाएर श्रीमती कुट्नेलाई तह लगाउन सक्छु ।' एक किशोरीले आफ्नो जीवनको लक्ष्य बताइन् ।

अभियानमा सहभागी किशोरीमध्ये अन्य ६ जनाले पनि प्रहरी बन्न चाहेको बताएका थिए । त्यस्तै शिक्षक बन्न चाहनेको संख्या पनि अधिक थियो । किशोरी अधिकार मञ्चको नेतृत्व पदमा रहेकाले भविष्यमा नेता बन्ने, गैरसरकारी संस्थाको निर्देशक बन्ने, पत्रकारिकता गर्ने जस्ता रुचि अभिव्यक्त गरेका थिए ।

रुचिको निर्माण सामाजिक हो । व्यक्तिले सपना देख्छ समाजको संरचनामा रहेर देख्दछ । पिअर बोर्दिउले व्यक्तिको रुचि निर्माणमा सामाजिक, सांस्कृतिक र आर्थिक पुँजीको भूमिका हुने विश्लेषण गरेका छन् । बोर्दिउ विचारमा मानिसले आफूसँग भएको पुँजीको आधारमा आफ्ना रुचि, छनोट, स्वभाव आदि चयन गर्दछ । रुचि र सोखजस्ता नितान्त व्यक्तिगत कुरा पनि सामाजिक अन्तर्सम्बन्धका कारण र परिणाम हुन् ।[१] बोर्दिउले सामाजिक पुँजीलाई जोड दिन्छन् । सामाजिक पुँजी व्यक्तिको सम्पर्क र सञ्जालमा निर्भर हुन्छ । अभियानहरूले किशोरीहरूको सामाजिक पुँजीलाई विस्तार गरेको छ । किशोरी अधिकार मञ्चको उद्देश्य नै 'सञ्जालीकरण' हो । सञ्जालीकरण हुनु भनेको सामाजिक पुँजीको आयतन विस्तार हुनु हो । किशोरी अधिकार मञ्च किशोरीहरूको समस्या पोख्ने ठाउँ भएको छ । त्यस्तै साथीहरू विस्तार गर्ने माध्यम भएको छ । अध्ययनका क्रममा किशोरीहरूको घरमा हुने उत्सव (विवाह, पूजा आदि) मा मञ्चमा आबद्ध अन्य किशोरीहरू पनि सहभागी भएको देखियो ।

सामाजिक पुँजीको विस्तारसँगै रुचिको पनि विस्तार भएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका, रूपन्देहीकी पुष्पा हरिजनको गाउँमा निरक्षरता र बालविवाह व्यापक छ । पुष्पाको उमेरका लगभग किशोरीहरूको बिहे भइसकेको छ । पुष्पा भने यी सामाजिक परिबन्दलाई नाघ्न सफल भएकी छिन् । उनी अहिले लगभग ३५ किलोमिटर टाढा, भैरहवामा डेरा गरेर अंग्रेजी भाषाको कक्षा लिइरहेकी छिन् । उनी अष्ट्रेलिया जान चाहन्छिन् ।

सामाजिक पुँजीको विस्तारले किशोरीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि मञ्च र तालिमको अवसर प्राप्त भएको छ । कोटहीमाइ ४, रूपन्देहीकी प्रियंका हरिजनलाई अभिनयमा रुचि थियो ।

[१] सञ्जीव पोखरेल । एक अनि शून्य । पब्लिकेसन नेपा-लय । काठमाडौं: २०२१ । पाना: २१५.





अभियानको दौरानमा उनले अभिनय कक्षा लिन पाइन् । अभियानको एउटा मुख्य अंग नै सडक नाटक हो । सचेतना कार्यक्रमका लागि नाटक निकै प्रभावकारी हुने अभियन्ता किशोरीहरूको अनुभव रहेको छ । प्रियंका र उनका साथीहरू मञ्चका कार्यक्रमहरूमा नाटक प्रस्तुत गर्दछन् । अहिले प्रियंका भैरहवास्थित 'अवध थियटर' मा पनि आबद्ध छिन् (हेर्नुहोस्: केस स्टडी ४) ।

प्रियंका जस्तै अवसर पाएर अध्ययन अगाडि बढाउन सफल किशोरी शुद्धोधन गाउँपालिका, कपिलवस्तुकी निलम हरिजन पनि हुन् । अभियानमा संलग्न हुन थालेपछि निलमले दलित सामाजिक विकास केन्द्रको छात्रवृत्ति सहयोगमा 'ल्याब असिस्टेन्ट' अध्ययन गरिन् । अध्ययनका लागि आवश्यक शुल्कमा आधा उनले छात्रवृत्ति पाएकी थिइन् । उनी रोजगारी र थप अध्ययनलाई सँगै अगाडि बढाउँदैछिन् । हाल निलम किशोरी अधिकार मञ्च, कपिलवस्तुकी कोषाध्यक्ष छिन् ।

अभियानमा संलग्न हुँदा किशोरीहरूले स-साना अवसरहरू पाएका छन् । ती स-साना अवसरहरूले उनीहरूको जीवनमा निकै ठूलो महत्व राख्छ । कैयौं तालिमहरू होटलमा हुन्छन् जहाँ उनीहरूले खानाको अनेक परिकार, शौचालयको सुविधा र व्यक्तिगत स्वतन्त्रताका लागि वातावरण (स्पेस) पाउँछन् । उदाहरणका लागि, समुदायमा भेट्दा साधारण कुर्ता सुरुवालमा भेटिएका किशोरीहरूलाई लुगा छनोट बारे प्रश्न गरिएको थियो । गाउँमा पाइन्ट टिसर्ट छनोट गर्न सक्नेबारे प्रश्न गर्दा उनीहरूले जिब्रो टोक्दै 'कुरा काट्छन्' भनेका थिए । 'कुरा काट्नु' को अर्थ 'इज्जतमाथि प्रश्न' हुनु हो । अर्थात्, समुदायमा किशोरीहरूलाई सामाजिक मान्यतामा सीमित राख्ने 'पहरेदारहरू' हुन्छन् । ती पहरेदारहरूका अगाडि 'तोकिएका' लुगाबाहेक अन्य लगाउनु 'सामाजिक मान्यता उल्लंघन' हुन जान्छ । कुराकानीको एक हप्ता पछि रूपन्देहीको एउटा रिसोर्टमा आयोजित कार्यक्रममा उनीहरूसँग पुनः भेट भएको थियो । त्यतिबेला ती किशोरीहरूले पाइन्ट टिसर्ट लगाएका थिए । कार्यक्रमहरूमा सहभागी हुँदा मन लागेको लुगा लगाउन पाउनु उनीहरूको अनुभव थियो ।

अभियानमा सक्रिय हुँदा किशोरीहरूको सोचाइमा विस्तार भएको छ । उनीहरू आफ्नो रुचि र लक्ष्यमात्र नभई समाजबारे पनि सोच्न थालेका छन् । लुम्बिनी सांस्कृतिक नगरपालिकाकि अर्चना हरिजनले आफ्नो सोचमा आएको परिवर्तन यसरी व्यक्त गरिन्, 'पहिला त मलाई जति धेरै पढ्यो त्यति घरको काम गर्नुपर्छ भन्ने लाग्थ्यो । अब मलाई थाहा भयो कि आफ्नो खुट्टामा उभिनुपर्छ । आफूसँग सँगै गाउँ, टोलका किशोरीलाई अगाडि बढाउनुपर्छ ।'

## केस स्टडी ४

# उनी अभिनय गर्छिन्



कोटहीमाई ४, बराहदवा, रूपन्देहीकी प्रियंका हरिजन अभिनयमा रुचि राख्छिन् । उनी सामाजिक मुद्दाहरूमा सडक नाटक गरिरहेकी देखिन्छिन् । हाल उनी भैरहवास्थित अवध थियटरमा सक्रिय छिन् । उनी किशोरी अधिकार मञ्च, रूपन्देहीकी जिल्ला उपाध्यक्ष हुन् ।

प्रियंकाको यो अभिनय यात्राको पछाडि ठूलो कथा छ । उनको अभिनय प्रतिभाको प्रस्फुटन हुनुमा घर-परिवारको योगदान वा लगानी छैन । न त उनको विद्यालय र समुदायको नै कुनै प्रेरणा छ । उनी विपन्न वर्गकी किशोरी हुन् । १९ वर्षकी प्रियंका अहिले कक्षा १२ मा पढ्दैछिन् । रूपन्देहीको दक्षिणी भेग, भारतीय सीमा नजिक कोटहीमाई-४, बराहदवाकी प्रियंकाको ५ जनाको परिवार छ । उनका बुवा कक्षा ८ सम्म पढेकाछन् जो भारतमा सिलाइको काम गर्छन् । तीन सन्तानमध्ये प्रियंका जेठी हुन् । उनका बहिनी र भाइ विद्यालय तहमा अध्ययनरत छन् । अर्धपक्की घर भएको प्रियंकाको एक विघा खेत छ । तर त्यो बुवाहरूको सँगोलमा हुनाले त्यसमा उनीहरूको पूर्ण अधिकार हुँदैन । त्यसैले ४८ हजार रुपैयाँ रेहन तिरेर २ विघा खेती गर्छन् । रूपन्देही, कपिलवस्तुको दक्षिणी भेगमा रेहन प्रणाली छ । रेहन प्रणालीमा जमिन-मालिकलाई किसानले एकमुष्ठ रकम दिनुपर्छ । त्यसबापत जमिन गरीखान पाइन्छ । जमिन-मालिकले पैसा फिर्ता गरेपछि जमिन पनि फिर्ता दिनुपर्छ । अर्थात्, किसानले पैसाको ब्याजको रूपमा खेती गर्न पाउँछन् । खेतीको सम्पूर्ण लगानी र उत्पादन किसानकै हुन्छ । यो प्रणालीअनुसार खेतीका लागि जमिन पाउन किसानले सुरुमै एकमुष्ठ लगानी गर्नुपर्छ । खेती गर्ने किसानसँग त्यो रकम हुँदैन । त्यसैले किसानले ऋण गरेर जमिन-मालिकलाई रेहन दिनुपर्छ ।

किशोरी अधिकार मञ्चमा लाग्नुभन्दा पहिला प्रियंकाको गाउँमा सिद्धार्थ सामुदायिक समाज सक्रिय थियो । त्यसले आमा समूह गठन गर्‍यो । पछि किशोरीहरूलाई पनि संलग्न गरायो । यसैको निरन्तरतामा किशोरी अधिकार मञ्च गठन भएको थियो । कार्यक्रमहरूमा सक्रिय हुन थालेपछि उनी बुटवल, भैरहवादेखि काठमाडौंसम्म पुगेकी छिन् । घर, स्कुल र नजिकै





सीमापारीको नौतनवा बजारभन्दा पर नपुगेकी प्रियंकाका लागि पहिलोपटक होटलमा बस्नु ठूलो परिवर्तन भएको थियो । त्यसका लागि उनले घरको विश्वास जित्नुपरेको थियो । आफ्नो पहिलो होटल अनुभवबारे प्रियंका भन्छिन्, “पहिलोपटक ओमसतियाकी रञ्जु दिदीसँग बुटवल गएकी थिएँ । हराउँछु कि भन्ने डर लागेको थियो । त्यहाँ मर्निङ ड्यु होटलमा कार्यक्रम भएको थियो । त्यस्तो ठूलो होटलमा म पहिला कहिल्यै गएकी थिइन । सुरुमा डर लागेको थियो । रातिमा कसैले ढोका हान्छ कि भन्ने डर लागेको थियो । बाटो छेउको होटल भएको हुनाले रातभरि गाडीको आवाजले डर लागेको थियो ।”

प्रियंकाको यो डर अहिले हटिसकेको छ । उनी मानव अधिकारसम्बन्धी एक कार्यक्रमका लागि हवाईजहाजमा काठमाडौं जाने अवसर पनि पाएकी छिन् । त्यस्तै नाटक तालिमका लागि काठमाडौंको शिल्पी थियटरमा पनि पुगेकी छिन् । काठमाडौंमा थुप्पा खाएको अनुभव सुनाउँदा उनका ओठमा मुस्कान छाउँछ । अहिले दिनहुँजसो थियटरका लागि उनी भैरहवा आउँछिन् । साइकलमा २० मिनेट जति यात्रा गरेपछि माइक्रो बस पाइन्छ । बसमा आधा घन्टा यात्रा गरेपछि भैरहवा पुगिन्छ । बिहानको स्कुलबाट फर्केपछि दिउँसो उनी भैरहवा पुग्छिन् । घरबाट थियटरसम्मको उनको यात्रामा किशोरी अधिकार मञ्चको भूमिका छ । प्रियंका भन्छिन्, “किशोरी अधिकार मञ्चमा नलागेको भए म घरबाट स्कुल, स्कुलबाट घर मात्र हुन्थे । देहातमै सीमित हुन्थे म । मेरो गाउँका कैयौ केटीहरू बुटवल पनि पुगेका छैनन् ।”

मञ्चका विभिन्न कार्यक्रममा सक्रिय हुँदाहुँदै प्रियंकाले बोल्न सिकेकी छिन् । गाउँपालिका र वडाको कार्यालयमा पुगेर कार्यक्रममा निम्तो दिन्छिन् । मञ्चका लागि सहयोग माग्छिन् । आफूमा आएको परिवर्तनबारे प्रियंका भन्छिन्, “मलाई अहिले गाउँपालिका कार्यालय जान डर लाग्दैन । पहिला लाग्थ्यो । पहिला हाम्रो कुरा सुन्छन् कि सुन्दैनन् । त्यति ठूलो कार्यालयमा कोसँग भेट्ने भन्ने डर लागेको थियो । सुरुमा जाँदा हामीसँग अकालमती स्याम (ओरेकको सहजकर्ता) हुनुहुन्थ्यो । उहाँले केही हुँदैन हिँड भनेर लैजानुभयो । उहाँले कुरा गर्नुभयो र हामीसँग पनि कुरा गराउनुभयो । त्यसपछि मैले बुझेकी केही अप्ठ्यारो नहुँदो रहेछ । अब त हामी एक्लै जान सक्छौं ।”

अभिनयमा रुचि राख्ने प्रियंकाको लक्ष्य भने प्रहरी बन्ने छ । प्रहरी बन्ने चाहनाबारे उनी भन्छिन्, “म प्रहरी बन्न चाहन्छु । किनकि हाम्रो समाजमा बालविवाह, रक्सी खाएर श्रीमती कुट्नेजस्ता अपराध र कुरीति छन् । प्रहरी भएर यी कुरीति हटाउन सक्छु भन्ने लाग्छ ।”

## सार्वजनिक वृत्तमा विस्तार

बन्देजकारी सामाजिक मान्यता तोडेर सुधारात्मक प्रयासहरू तर्फको यात्रा व्यक्तिको आत्मिक रूपान्तरणको अभ्यास पनि हो । अभियानमा संग्लग्न किशोरीहरू आफ्ना सीमिततालाई नाघ्दै वैयक्तिक विकास तर्फ अग्रसर भएका छन् । उनीहरू कार्यक्रम सञ्चालन गर्न सक्छन्, योजना बनाउन सक्छन्, आफ्नो घर र समुदायमा बालविवाहको विरोध गर्न सक्छन्, नागरिकताको हकका लागि घरपरिवारमा तर्क गर्न सक्छन् । यो वैयक्तिक विकास एकल प्रयत्नमा सम्भव हुँदैन । यसका लागि चाहिन्छ सामाजिक गतिशीलता । वैयक्तिक विकास र सामाजिक गतिशीलता परिपूरक प्रक्रिया हुन् । वैयक्तिक विकास सामूहिक गतिशीलतामा सुगम हुन्छ भने सामूहिक गतिशीलताका लागि फेरि वैयक्तिक विकास चाहिन्छ ।[१०] सामाजिक गतिशीलताका लागि सार्वजनिक वृत्तमा पहुँच हुनु जरुरी छ ।

पितृसत्तात्मक समाजले महिलाको सामाजिक गतिशीलतालाई कुण्ठित गरिदिन्छ । त्यसैले हुर्काइको क्रममा नै किशोरीहरूलाई सामाजिक मान्यताको भारी थोपरिन्छ । खासमा 'असल' छोरीको चाहनामा निर्मित भएका सामाजिक मान्यताहरूले किशोरीहरूलाई आफ्नो क्षमता बोध गर्नबाट वञ्चित गरेको छ । किशोरीहरू लज्जालु होऊन्, वाचाल नहोऊन्, उनीहरूबाट घरको 'इज्जत' र 'मर्यादा' कायम होस् भन्ने चाहना राखिन्छ । किशोरीहरूले हरेक दिन र हरेक क्षण, जुनसुकै क्षण पनि परिवारको नाम र इज्जतलाई मनमा राख्ने दबाबमा हुन्छन् ।[११]

अभियानमा सहभागी हुन थालेपछि किशोरीहरूले तथाकथित 'इज्जत' का लागि सिर्जित सामाजिक बन्धनलाई तोड्दै सामाजिक वृत्तको विस्तार गरिरहेका छन् । किशोरी अधिकार मञ्चको सञ्जालले उनीहरूलाई माध्यम उपलब्ध गराएको छ । हरेक महिना हुने वडा, पालिका, जिल्ला तहका किशोरी अधिकार मञ्चका समितिहरूको बैठकमा उनीहरू खुलेर आफ्ना भावना, अनुभूति र तर्कहरू प्रस्तुत गर्छन् । एउटा पालिका तहको किशोरी अधिकार मञ्चको बैठक पुस्तकमा यस्तो निर्णय भएको पाइयो-

'...माथि छलफल गर्दा यस...पालिका स्तरको किशोरी अधिकार मञ्चको नियमित बैठक प्रत्येक महिनाको अन्तिम शनिबार बस्ने निर्णय गरियो ।

[१०]'महिला विकासमा किशोरी विशेष कार्यक्रम' प्रदीपिका (स्थानीय तहका लागि विशेषण: तयार पारिएको स्रोत): नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला तथा बालबालिका विभाग । २०७५

[11]http://www.nccr.org.np/uploads/publication/cebc00888243d75ed0776e1123151e17.pdf



एक अध्ययन २०८०

...माथि छलफल गर्दा किशोरीहरूको समस्याहरू मासिक रूपमा छलफल गरी समस्या समाधान गर्ने प्रयास र पहल गर्ने निर्णय गरियो ।'[१२]

यसरी मासिक बैठक र त्यो बैठकमा आफ्ना समस्याहरू पहिचान गर्ने, समाधानका लागि प्रयत्न गर्ने वातावरणको सिर्जना भयो । बैठक एउटा सार्वजनिक वृत्त बन्न पुगेको छ । बैठकले किशोरीहरूलाई संगठित, एकतृत र शशक्त बनाएको छ ।

किशोरीहरूको अभियान सुधारात्मक छ । उनीहरू परिवार र समुदायलाई आफ्ना प्रयत्नहरूमा सहमत गराउने उद्देश्य राख्छन् । एउटा पालिकाको बैठक पुस्तकमा परिवारसँग किशोरी अधिकार मञ्चको सम्बन्ध विस्तारबारे यस्तो निर्णय गरेको पाइयो-

'...माथि छलफल गर्दा किशोरीहरूका आमाबुवालाई किशोरी अधिकार मञ्चले गर्ने कामहरूबारे जानकारी गराउने निर्णय गरियो ।

...माथि छलफल गर्दा किशोरीहरूको सपना आकांक्षा पूरा गर्नका लागि किशोरीका आमाबुवाहरूबीच हाजिरीजवाफद्वारा अन्तरक्रियामा कार्यक्रम गरियो जसबाट सहभागीहरूले किशोरीहरूलाई हेरिने गलत नजर बन्देजबाट हुने सामाजिक समस्याबारे बुझे ।

...माथि छलफल गर्दा किशोरीहरूको सपना आकांक्षा पूरा गर्नका लागि आर्थिक सामाजिक पारिवारिक सहयोग चाहिन्छ जसबाट सहभागी भएका आमाबुवा, किशोरहरूले आगामी दिनमा किशोरीहरूको सपना आकांक्षा पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।'[१३]

किशोरीहरू आफ्नो सामाजिक गतिशीलताका लागि परिवार र समुदायबाट सहयोगको अपेक्षा राख्दछन् । यसका लागि उनीहरू प्रयत्नरत पनि छन् । निरन्तरको प्रयासले उनीहरूले केही विश्वास जितेका छन् । केही हदसम्म सामाजिक गतिशीलतामा वृद्धि ल्याएका छन् ।

अभियानहरूले उनीहरूको सार्वजनिक वृत्तको विस्तारमा माध्यमको काम गरेको छ । अभियानको क्रममा किशोरीहरू नयाँ ठाउँ पुगेका छन्, समाजका फरक-फरक क्षेत्रका किशोरीहरूसँग अन्तरक्रियामा गर्ने अवसर पाएका छन्, तालिम तथा सीप सिक्ने अवसर पाएका छन् । किशोरी अधिकार मञ्च,

[१२]पालिका तहको किशोरी अधिकार मञ्चको बैठकको निर्णय पुस्तकबाट । पालिका गोप्य राखिएको ।
[१३]पालिका तहको किशोरी अधिकार मञ्चको बैठकको निर्णय पुस्तकबाट । पालिका गोप्य राखिएको ।

रूपन्देहीको तेस्रो साधारण सभामा भेट भएकी एक पहाडी मूलकी किशोरीहरू मधेसी मूलका किशोरीहरूको सामाजिक अवस्थाबारे जानकार हुँदा छक्क परेकी थिइन् । पहाडी मूलका किशोरी र मधेसी मूलका किशोरीहरूको सामाजिक अवस्था फरक छ । उनीहरूका समस्याको आयाम फरक छ । किशोरी अधिकार मञ्चमार्फत उनीहरू एकै स्थानमा भेट हुन पाएका छन् ।

किशोरी अधिकार मञ्च, बुद्धभूमि नगरपालिका समिति, कपिलवस्तुकी कोषाध्यक्ष बिना भुसालले भनिन्, 'विभिन्न कार्यक्रममा सहभागी भई विभिन्न ठाउँका साथीहरूसँग घुलमिल हुँदै विभिन्न रहनसहन बुझ्न पाइयो ।'

सार्वजनिक स्थलमा पहुँच हुनु भनेको व्यक्तिगत सीमितताहरूलाई पनि तोडिँदै जानु हो । सीमान्तकृत समुदायका किशोरीहरू यातायातका साधनहरू, होटलहरू, पसल तथा बजारमा पुग्दै गर्दा उनीहरूका मनमा भएको अप्ठ्यारोपनलाई जित्दै पनि गएका छन् ।

कार्यक्रममा सहभागी हुने क्रममा विभिन्न ठाउँहरूमा, संस्थाहरूमा, होटल तथा रिसोर्टमा भेट भएका किशोरीहरूले आफ्ना सुरुवाती अप्ठ्याराहरू साटफेर गरे । केही शौचालयको प्रयोग गर्दा, इस्केलेटरमा हिंड्दा, ठूलो पसलमा छिर्दा अप्ठ्यारोपन भएको बताए ।

सामाजिक सञ्जालमा पनि किशोरी अधिकार मञ्चको उपस्थिति छ । रूपन्देही र कपिलवस्तु दुवै जिल्लाका किशोरी अधिकार मञ्चको फेसबुक पेज छ । फेसबुक पेजमार्फत मञ्चका गतिविधिहरू सार्वजनिक गरिन्छ । सामाजिक सञ्जाल एउटा सार्वजनिक वृत्त बन्न पुगेको छ । सामाजिक सञ्जालको सदुपयोग र यसमा हुन सक्ने हिंसाबाट जोगिनेबारे 'इन्टरनेटको सदुपयोग' बारे तालिमहरू सम्पन्न भएका छन् । सुनिता हरिजनको उदाहरण यहाँ पुनः सान्दर्भिक हुन्छ । उनको दाजुले मोबाइल चलाएको हेर्दा पनि गाली गर्थे तर अभियानमा सक्रिय हुँदै गर्दा मोबाइल किन्दिए । यो अनुसन्धानको क्रममा पनि पटक-पटक सुनितासँग मोबाइलमा कुराकानी भएको थियो । उनी फोन सम्पर्कमा आफ्नै घरमा बसेर हरेक विषयमा खुलेर कुराकानी गरेको अनुभव भएको थियो ।

एक पुरुष अनुसन्धानकर्तालाई किशोरीहरूबीच अन्तरक्रियामा गर्दा र विशेषगरी अनुसन्धानको दौरानमा कैयन् व्यक्तिगत विषयमा छलफल गर्नुपर्दा सामाजिक संरचनाद्वारा निर्धारित अप्ठ्याराहरू सामना गर्नुपर्ने रहेछ । एक गाउँमा तीन जना किशोरीहरूसँग सामूहिक छलफल गरिरहेका थियौं । सम्पर्ककर्ता किशोरी अधिकार मञ्चको नेतृत्व गर्ने किशोरीले उनीहरूकी आमालाई भोजपुरी भाषामा कुराकानीको उद्देश्य बताएर समर्थन लिइसकेकी थिइन् । अन्तरक्रियामा सहज होस् भन्ने हेतुले घरमा पुग्दा हामीले





केही मिठाई उपहार लगेका थियौं । वार्तालापमा अन्यथा महसुस नहोस् भनेर खुल्ला स्थल चयन गरिएको थियो । तीन किशोरी एक लहरमा कुर्सीमा बसेका थिए भने म र मेरो सहयोगी मित्र अर्को लहरमा कुर्सीमा बसेका थियौं । सामूहिक वार्तालाप लगभग आधा घण्टा पुग्नासाथ एक किशोरीकी आमा निकै आक्रामक ढंगले भोजपुरी भाषामा किशोरीहरूलाई गाली गर्दै थिइन् । उनले 'पराया मर्दसँग किन धेरै कुरा गरेको' भन्दै थिइन् । भाषाको कठिनाइका कारणले गर्दा आमाहरूसँग दोहोरो वार्तालाप त्यति सहज भएन । अन्य किशोरीका आमाहरू पनि बेला बखत आउँदै कस्तो कुराकानी गरिरहेको छ चियो गरिरहेका थिए । किशोरीहरू आमाहरू नजिक हुँदाको बखत सबै कुरा सामान्य भएको बताउँथे भने आमाहरू टाढा हुँदा घरमा हुने विवाहको दबाबबारे कुरा गर्थे ।

घरपरिवार र समुदायमा सामाजिक मान्यताको कैदी महसुस गर्ने किशोरीहरू बैठक, तालिम र कार्यक्रमहरूमा सहभागी हुँदा उन्मुक्त महसुस गर्छन् । स्वतन्त्रताको अनुभव गर्छन् । आफ्नो व्यक्तिगत, घरायसी र सम्बन्धहरूबारे पनि कुरा गर्छन् । घर बाहिर कार्यक्रमको दौरानमा आएकी एक किशोरीसँग कुराकानी गर्दा विवाह र दाइजोको प्रसंग आयो । उनले आफूले रोजेको केटासँग विवाह गर्दा दाइजोको समस्या नआउने स्वीकार गरिन् र त्यसक्रममा आफूलाई प्रेम प्रस्ताव आएको उल्लेख गरिन् ।

यस्तै किशोरी अधिकार मञ्चले आयोजना गरेका 'प्रतिरक्षा तालिम' ले उनीहरूको आत्मविश्वास वृद्धि गरेको छ ।

सार्वजनिक वृत्तमा विस्तार हुँदै गर्दा अभियानमा संलग्न किशोरीहरूको आत्मविश्वासमा वृद्धि भएको छ । खासमा उनीहरू सपना देख्न थालेका छन् । सपना विस्तार गर्न सकेका छन् ।

## निर्णय प्रक्रियामा सहभागिता

लेखको सुरुवातमै उल्लेख भएको साधनाको प्रसंगले औंल्याउँछ कि अभियानमा सहभागी हुँदै गर्दा घरायासी मामिलामा किशोरीहरूको आवाज बुलन्द हुँदै गएको छ। निर्णय प्रक्रियामा सहभागितालाई राज्यका नीति निर्माण गर्ने स्थानमा पहुँचको साँघुरो अवधारणामा कैद गर्नु वाञ्छित हुँदैन। घरेलु मामिलामा, विद्यालयमा, आफ्नो यौनिकताको चयनमा, व्यक्तिगत मामिलामा किशोरीहरू निर्णय गर्न कत्ति स्वतन्त्र अनुभव गर्छन् भन्ने उल्लेखनीय हुन्छ। दायित्व र आर्थिक भारका हिसाबले घरेलु मामिलामा किशोरीहरूको निर्णय प्रक्रियामा भूमिका कमै देखिन्छ। तर, साधनाको जस्तै शौचालय निर्माणमा, विद्यालयको नियमिततामा, बालविवाहको इन्कारीमा र घरबाहिर अभियानहरूमा सहभागिताका लागि पारिवारिक स्वीकारोक्ती गर्ने विषयमा किशोरीहरूले निर्णय प्रक्रियामा हस्तक्षेप गर्न सकेका छन्। त्यस्तै गरी अभियानमा सक्रिय किशोरीहरूले विद्यालयमा सांकेतिक पुँजी वृद्धि गर्न सफल भएका छन्। किशोरी अधिकार मञ्चका नेतृत्वकर्ता किशोरीहरू विद्यालयका शिक्षक, प्रशासन र साथीहरूबाट सम्मान पाएका छन्। केही नेतृत्वकर्ता किशोरीहरूको शिक्षकहरूसँग टेलिफोन सम्पर्क गर्दा विद्यालयका अतिरिक्त क्रियाकलापहरूबारे निर्णय गर्दा उनीहरूसँग सल्लाह सुझाव लिने बताए। एक शिक्षकले भने, 'हामी विद्यालयका धेरै कुराहरूमा उनीहरूसँग सल्लाह लिन्छौं। उनीहरू टाठा छन्। सल्लाह लिएर काम गर्दा अन्य विद्यार्थीहरूसँग विद्यालयको सम्बन्ध पनि बलियो हुने अनुभव गरेका छौं।'

किशोरी अधिकार मञ्चले आफ्ना कैयन कार्यक्रमहरू पालिका र विद्यालयहरूमा आयोजना गर्दछ। अभियानको दौरानमा जनप्रतिनिधिहरूसँग र पालिका प्रशासनसँग किशोरीहरूको सम्पर्क विस्तार भएको छ। सम्पर्कको माध्यमले किशोरीहरूले पालिकासँग बजेट माग गर्न सकेका छन्। विभिन्न कार्यक्रमहरूमा पालिकासँग सहकार्य गर्न सकेका छन्। त्यसैगरी विभिन्न प्रतियोगिताहरू गर्नका लागि विद्यालय प्रशासनसँग कक्षाकोठा र सहयोग माग गर्न सकेका छन्। कार्यक्रमहरूमा विद्यालयको भूमिका विस्तार गर्न सकेका छन्।

आफ्ना व्यक्तिगत निर्णयहरूमा पनि किशोरीहरूको भूमिका विस्तार भएको छ। अभियानको दौरान विस्तार भएको स्वास्थ्य चेतनाले पनि भूमिका खेलेको छ। एक किशोरीले अनुभव सुनाइन्, 'म पहिला महिनावारी हुँदा कपडा प्रयोग गर्थें। पछि थाहा भयो त्यसरी कपडा प्रयोग गर्दा संक्रमण हुन सक्ने रहेछ। अहिले म प्याड प्रयोग गर्छु।'

त्यसै गरी आफ्नो यौनिकताको चयनमा पनि किशोरी अधिकार मञ्चले भूमिका खेलेको छ। परालैङ्गिक यौनिकता भएका व्यक्ति पनि किशोरी अधिकार मञ्चमा सक्रिय भएको अध्ययन क्रममा भेटियो। उनीहरू किशोरी अधिकार मञ्चमा रहेर लैङ्गिक समानताका लागि आवाज उठाउन पाउँदा खुसी छन्।





## निष्कर्ष

साक्षरता र प्रेम पत्रहरूले ल्याएको सामाजिक परिवर्तनबारे अध्ययन गरेकी एहरिनले 'इन्भाइटेशन टु लभः लिट्रेसी, लभ लेटर्स एन्ड सोसल साइन्स इन नेपाल' मा उल्लेख गर्दै सामाजिक परिवर्तनमा व्यक्तिको सीमिततबारे मार्क्सका निम्न कथन उल्लेख गर्छिन्, 'व्यक्तिले आफ्नो इतिहास आफैं बनाउँछन् तर आफूले रोजेजस्तो बनाउँदैनन्, आफूले रोजेको परिस्थितिमा बनाउँदैनन्, बरु विगतबाट प्राप्त भएको, निर्मित भएको परिस्थितिभित्र रहेर बनाउँछन्।'[14] मार्क्सले सन् १८५१ मा लुई बोनापार्टबाट भएको सत्ता कब्जाको घटनालाई व्याख्या गर्ने क्रममा यो कथन अभिव्यक्त गरेका थिए। यो कथनमा मार्क्सले उल्लेख गरेको 'परिस्थिति' ले मार्क्सको भाषाको उत्पादन सम्बन्ध र उत्पादक शक्तिबीचको संघर्षलाई इंगित गर्दछ।

मार्क्सको यो कथन यहाँ पनि आकर्षित हुन्छ। अभियानमा संलग्न अधिकांश किशोरीहरू सीमान्तकृत समुदायका छन्। उनीहरू आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले सीमान्तकृत छन्। त्योसँगै पितृसत्तात्मक सामाजिक संरचनाले निर्माण गरेको 'हानिकारक' सामाजिक मूल्य र मान्यताका कैदी बनेका छन्। यी सबै सामाजिक तगारोहरू छिचोलेर उन्मुख जीवन बाँच्न, स्वतन्त्र ढंगले व्यक्तित्व विकास गर्न, आत्मसम्मान हासिल गर्न किशोरीहरूसँग पर्याप्त एजेन्सीको अभाव छ।

हानिकारक सामाजिक मान्यताको जञ्जिर तोडेर उन्मुक्तिको यात्रामा लम्कनु सानोतिनो संघर्ष होइन। यो ठूला राजनीतिक परिवर्तन वा योजनाबद्ध सामाजिक अभियान जस्तो देखिने हुँदैन। सामाजिक मान्यताका सिपाहीहरू घरभित्र हुन्छन्। समुदायमा हुन्छन्। त्यसैले हानिकारक सामाजिक मान्यता तोड्ने संघर्ष आफ्नासँग हुन्छ। संघर्ष सधैं खाने चुलोमा हुन्छ। जो सजिलै दृश्यमा आउँदैन तर कठिन हुन्छ। अभियानमा संग्लग्न किशोरीहरूको सामूहिक प्रयत्न सामाजिक संरचनाको परिवर्तनतर्फ अग्रसर छ। तर, मार्क्सले औंल्याए जस्तै सामाजिक, सांस्कृतिक परिस्थितिले कोरिएका सीमाहरू पनि यथेष्ट छन्। कुनै पनि संघर्ष निरन्तर हुनका लागि आवश्यक हुने पृष्ठपोषण, आर्थिक स्रोत, बौद्धिक तथा सांस्कृतिक स्रोत-सन्दर्भहरू, सीमित सामाजिक संरचना लगायतको कमीले समाजमा जरा गाडेको सामाजिक संरचना भत्काउन सजिलो हुँदैन। सुधारात्मक सामाजिक परिवर्तनका लागि दीर्घकालीन कार्यक्रम, एजेन्सीहरूको निर्माण र त्यसको समृद्धि, नेतृत्वकर्ता र निरन्तर खट्ने अभियन्ताको पनि उत्तिकै आवश्यकता हुन्छ। सीमान्तकृत समुदायका किशोरीहरू यिनै अवसरहरूबाट बञ्चित छन्।

[14] Luara M. Ahearn. Invitation to Love: Literacy, love letters and social change in Nepal. Adarsh books: 2004. pp245.

अभियानहरू र किशोरी अधिकार मञ्चले किशोरीहरूको विकासमा एजेन्सीको भूमिका खेलेको छ। अभियानमा अध्ययनका क्रममा भेटिएका किशोरीहरूको अनुभव ६ वर्षभन्दा पुरानो छैन। सुधारात्मक परिवर्तनका लागि ६ वर्ष निकै कम समय हो। त्यसैले किशोरीहरूमा अहिलेसम्म देखा परेको परिवर्तनको निरन्तरता र अभियानहरूको बहुआयामिक प्रभाव देख्न अहिले नै सम्भव नहोला तथापि रूपान्तरणका कैयौं बीजहरू बिजारोपण भएको अनुभव भने पक्कै हुन्छ। सबैभन्दा उल्लेखनीय विषय किशोरीहरूले लैङ्गिक समानताको अवधारणालाई आत्मसात गर्नु हो। आफ्नो समुदायमा विद्यमान लैङ्गिक असमानतालाई निर्क्योल गर्न सक्नु र असमानतालाई न्यूनीकरणको भूमिका खेल्नुले 'महिलावादी आन्दोलनलाई स्थानीयकरण' गरिरहेको छ। कुराकानीका क्रममा किशोरीहरूले 'लैङ्गिकता', 'लैङ्गिक असमानता', 'यौनिकता', 'जेण्डर' जस्ता शब्दहरू बारम्बार प्रयोग गर्दथे। यी शब्दहरूसँग किशोरीहरू परिचित भएका छन् र त्यसलाई आफ्नो समुदायको आलोकमा बुझ्ने प्रयत्न गर्दैछन्। त्यसैले ' बाहिर जान पाउनु' लाई उनीहरू गम्भीरताको रूपमा लिन्छन्। 'बाहिर जान पाउनु' गतिशीलताको महत्त्वपूर्ण प्रस्थानबिन्दु हो भन्ने उनीहरूले आत्मसात गरेका छन्। मानवशास्त्री मिसेल रोसाल्डोले भनेजस्तै घरको सीमाबाट सार्वजनिक वृत्तमा पाइला राख्न थाल्नु मुक्तिको पहिलो शर्त हो भन्ने किशोरीहरूले अनुभव गरेका छन्।[१५]

किशोरीहरूलाई अभियानमा सक्रिय बनाइरहने र उनीहरूबीच सञ्जालीकरण गर्ने संस्था किशोरी अधिकार मञ्चलाई अहिले ओरेक र केयर नेपालले सहयोग गरिरहेका छन्। वि.स.२०७९ भाद्र ४ गते सम्पन्न भएको किशोरी अधिकार मञ्च, रूपन्देहीको तेस्रो वार्षिक साधारण सभामा अध्यक्षताको आसनबाट सुनिता हरिजनले यही चुनौतीलाई यसरी औंल्याइन्, 'ओरेक र केयर नहुने हो भने किशोरी अधिकार मञ्च कसरी चलाउने ? म पालिकाका अध्यक्ष, उपाध्यक्षसामु यो प्रश्न राख्न चाहन्छु।' उनले कार्यक्रममा आतिथ्यता ग्रहण गरिरहेका जिल्ला समन्वय समिति अध्यक्ष र केही पालिकाहरूका अध्यक्ष, उपाध्यक्ष सामु चुनौती प्रस्ट्याइन।

सारमा, सामाजिक मान्यताका सीमाहरूमा कैद भएका किशोरीहरूको रूपान्तरण, सामाजिक परिवर्तन र सामाजिक विकासका लागि अभियानमा संलग्नता र सञ्जालीकरणले एजेन्सीको भूमिका खेलेको छ। सुस्त तर निरन्तर प्रयासले 'हानिकारक सामाजिक मूल्य र मान्यता' लाई चिर्दै छ। किशोरीहरूको व्यक्तित्व विकास भइरहेको छ साथसाथै महिला आन्दोलनको स्थानीयकरण भइरहेको छ। अभियान र सञ्जालीकरणका लागि स्थानीय तहहरू र प्रदेशले प्रभावकारी भूमिका खेलेको अवस्थामा सामाजिक परिवर्तनमा प्रभावकारी नतिजा निस्कने सम्भावना अधिक छ।

[15]Women, culture and society. Eds.: Michelle Zimbalist Rosaldo and Louise Lamphere. Stanford University Press, Stanford, California: 1974. Pp: 1-16.



care

किशोरी अधिकार मञ्च
२०७६/०६/08
रुपन्देही

किशोरी अधिकार मंच
कपिलवस्तु

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991
WOREC